# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक ११६ | काठमाडौं | बिहीबार, ३२ साउन २०८० | Prabhab National Daily | Thursday, August 17, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


## अनौपचारिक श्रमिक र स्वरोजगार सामाजिक सुरक्षाको दायरामा

**काठमाडौं (प्रस)–** लामो समयको प्रतीक्षापछि बुधबारदेखि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्ति सामाजिक सुरक्षाको दायरामा आएका छन् । सामाजिक सुरक्षा कोषले बुधबार एक कार्यक्रमका बीच अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सूचीकरण गराउन सुरु गरेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले उक्त योजनाको शुभारम्भ गर्दै अनौपचारिक क्षेत्रका ४० लाख श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्ने बताए । औपचारिक क्षेत्रका र वैदेशिक रोजगारीमा रहेका श्रमिक यसअघिदेखि नै सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदै आएका छन् । २०७५ मंसिर ११ गतेदेखि औपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा योजनामा समेटिन थालेका हुन् । कोषले गत चैत ८ गतेदेखि वैदेशिक क्षेत्रका श्रमिकलाई योजनामा आबद्ध गराएको थियो ।

- अनौपचारिक क्षेत्रका श्रमिकले आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत र स्वरोजगारमा रहेका व्यक्तिले ३१ प्रतिशत रकम योगदान गर्नुपर्ने
- अनौपचारिक क्षेत्रका ४० लाख श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्ने लक्ष्य

सामाजिक सुरक्षा योजनामा सहभागी हुन अनौपचारिक क्षेत्रका श्रमिकले नेपाल सरकारले तोकेको आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत रकम र स्वरोजगारमा रहेका व्यक्तिले ३१ प्रतिशत रकम योगदान गर्नुपर्ने कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए ।

अनौपचारिक श्रमिकका तर्फबाट योगदान रकमको ११ प्रतिशत सम्बन्धित व्यक्ति र बाँकी सरकारकातर्फबाट ९.३७ प्रतिशत जम्मा हुनेछ । सरकारकातर्फबाट जम्मा गरिने रकम संघ, प्रदेश वा स्थानीय तहले जम्मा गरिदिने वा त्यस्तो रकम योगदनकर्ता आफैंले जम्मा गर्न सक्नेछन् ।

सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार रूपैयाँ तोकेको छ । जसमा आधारभूत पारिश्रमिक नौ हजार ३८५ र महँगी भत्ता पाँच हजार ६१५ तोकिएको छ । त्यस्ता श्रमिकले आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत आफैं जम्मा गर्नसक्ने व्यवस्था अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएको छ ।

कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्नेछ । उक्त योजनामा सहभागी श्रमिकले तोकिएको अस्पतालमा वार्षिक एक लाखको औषधोपचार सुविधा प्राप्त गर्नेछन् । बिरामी हुँदा वा सुत्केरी भएको अवस्थामा आधारभूत परिश्रमिकको ६० प्रतिशत रकम, जुनसकै कारणबाट दुर्घटना हुँदा सात लाख रूपैयाँ उपचार खर्च र अशक्तता भएको अवस्थामा आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम पाउनेछन् ।

कोषले प्रदान गर्ने औषधोपचार, दुर्घटना तथा आश्रित परिवार सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तीमा नौ महिना तथा (बाँकी पृष्ठ २ मा)

# विवादित पात्रलाई ओलीको काँध !



- नक्कली प्रमाणपत्रको आरोपमा पक्राउ परेका कांग्रेस सांसद सुनिल शर्माको पक्षमा ओलीको निरन्तर अभिव्यक्ति
- सिम्रिक एयरका अध्यक्ष क्याप्टेन रामेश्वर थापाको पक्षमा पनि ओलीको बोली
- कुनै बेला डा. गोविन्द केसी निरन्तर अनसन बसाउन बाध्य गराउने दुर्गा प्रसाईंलाई ओलीले साथ दिएका थिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पछिल्लो समय विवादित पात्रलाई काँध थाप्न उद्दत देखिन्छन् । बुधबारमात्र दुई विवादित व्यक्तिको पक्षमा ओलीले आफ्नो अभिव्यक्ति दिए ।

अहिले चर्चामा छन् कांग्रेस सांसद सुनिल शर्मा । प्रवेशिकामा नक्कली प्रमाणपत्र प्रयोग गरेको अभियोगमा शर्मा हालै पक्राउ परे । बिहीबार गोल्फुटारस्थित उनकै निवासबाट शर्मा पक्राउ पर्दा कांग्रेस बरु मौन रहयो । एमालेले सदनमै आपत्ति जनायो । शर्मा शुक्रबार अदालतको आदेश पाएर छुटे । उनी तत्कालै एमाले अध्यक्ष ओलीको जयजयकारमा उत्रिए । यतिमामात्र सीमित बसेनन् शर्मा । ओलीनिवास बालकोटमा पुगेर ओलीसँग भेटसमेत गरे ।

यिनै पात्रबारे बुधबार र्‍याडिसन होटलमा ओलीले पुन बचाऊ गरेका छन् । 'सुनिल शर्माको गिरफ्तारी हाम्रो दलको हिसाबले हो भने चासो हुनुनपर्ने हो । तर एउटा सांसदलाई न पक्राउ पुर्जी छ, केही पनि छैन,' पार्टीको उद्योग विभागले आयोजना गरेको कार्यक्रममा अध्यक्ष ओलीले भने, 'कुनै आरोप नै स्थापित छैन । एउटा मान्छेलाई उजुरी गर्न लगाएर यस्तो स्वेच्छाचारी ढंगले गिरफ्तारी गर्न लगाएको छ । यो त सरकारले यसो चाखिहेरेको के । कतिको साह्रो रहेछ । कति टोक्न सकिन्छ कि सकिँदैन भनेर । समाजलाई नै टोक्छ यसले ।'

ओलीले भनेझैं के कांग्रेस सांसदलाई कुनै आरोप छैन त ? मोरङ-३ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद शर्मा विगतबाटै विवादित पात्र हुन् । शर्मा विराटनगरको (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### सामाजिक सञ्जालमा भ्रमपूर्ण विज्ञापन

## दुई म्यानपावर कम्पनीलाई जरिवानासहित कारबाही

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐन २०६४ विपरीत कार्य गर्ने इजाजतपत्र प्राप्त दुईवटा म्यानपावर कम्पनीलाई दुई लाख रूपैयाँ जरिवाना गरेको छ । विभागको स्वीकृतिविना सामाजिक सञ्जालमा विज्ञापन गरेका क्यापिटल रिक्रुटमेन्ट सर्भिसेज र इगल म्यानपावर कन्सल्टचान्टलाई जरिवाना गरेको हो ।

नेपाली युवाहरूलाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै सामाजिक सञ्जालमा विज्ञापन गरी राहदानी एवं आवश्यक कागजात संकलन गर्ने गरेको भन्दै विभागले जरिवाना गरेको जनाएको छ ।

विभागले बुधबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ (३) विपरीत कार्य गर्ने इजाजतपत्र प्राप्त संस्था क्यापिटल रिक्रुटमेन्ट सर्भिसेज र इगल म्यानपावर कन्सल्टचान्टलाई जनही दुई लाख रूपैयाँ जरिवाना गरिएको उल्लेख गरेको छ । उल्लिखित म्यानपावर कम्पनीहरूलाई विज्ञापन प्रकाशनपूर्व विभागबाट स्वीकृति नलिएका कारण कारबाहीको दायरामा ल्याइएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । विभागले म्यानपावर कम्पनीलाई मात्र नभई सामाजिक सञ्जालमा भ्रमपूर्ण विज्ञापन गरेको भन्दै ललितपुरस्थित सुयान एजुकेशन प्रालि र एलाइट टु वर्क हयुमन रिसोर्सेस हस्पिटालिटी एण्ड ट्रेनिङ सेन्टरको स्थलगत अनुगमन गरी थप अनुसन्धान गरिरहेको निर्देशक उप्रेतीले जानकारी दिए ।




विभागले यसअघि वैदेशिक रोजगारीको नाममा सामाजिक सञ्जाल (फेसबुक, इन्स्टाग्राम, टिकटक)मा सूचना तथा विज्ञापन प्रकाशन गरी ठगी गर्ने घटना बढ्दै गएको भन्दै सचेत गराएको थियो । पछिल्लो समय युरोपेली मुलुकमा आकर्षक तलव एवं सेवा सुविधा प्राप्त हुने प्रलोभन देखाई समाजिक सञ्जालमा हुने विज्ञापनको सूक्ष्म अध्ययन गरिरहेको पनि विभागले उल्लेख गरेको थियो । ठगी तथा भ्रमपूर्ण सूचनाविरुद्ध कडारूपमा प्रस्तुत भएको विभागले केही दिनअघिमात्रै डि. स्क्वायर ग्रुप र डिलक्स एचआर सोलुसन नामक दुईवटा म्यानपावर कम्पनीको ऐनविपरीत गतिविधि गरेको र पीडितलाई क्षतिपूर्ति नदिएको भन्दै इजाजतपत्र नै रद्द गरेको थियो ।

वैदेशिक रोजगारीका लागि जान इच्छुक नेपालीहरूलाई सामाजिक सञ्जालमा प्रकाशन/प्रसारण हुने भ्रमपूर्ण विज्ञापनमा विश्वास नगर्न पनि विभागले पुनः आग्रह गरेको छ । साथै, प्रचलित ऐन कानुनविपरीत सामाजिक सञ्जालमा सूचना तथा विज्ञापन सम्प्रेषण नगर्न सचेत गराउँदै यदी कसैले त्यस्तो भ्रमपूर्ण सन्देश प्रवाह गरेमा कडा कारबाही गर्ने चेतावनीसमेत विभागले दिएको छ ।

## उद्योग र कृषिबाहेकका क्षेत्रमा पनि रोजगारीको अवसर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरिया सरकारले आप्रवासी कामदारलाई उद्योग तथा कृषि क्षेत्रको अलवा अन्य क्षेत्रमा पनि रोजगारीको अवसर दिने भएको छ । गैरव्यावसायिक वैदेशिक कामदारलाई भिसा ई-९ मा परिमार्जन गरी कामदार अभाव भएका अन्य क्षेत्रमा त्यहाँको सरकारले रोजगारीको अवसर दिन लागेको बताइएको छ ।

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जाने आप्रवासी कामदारले आइटी, यातायात, होटल, रेस्टुरेण्ट, क्याफे तथा डिपार्टमेन्टल स्टोरमा काम गर्ने अवसर पाउने त्यहाँको सञ्चारमाध्यम द कोरिया हेराल्डले उल्लेख गरेको छ । यसबाट उल्लिखित क्षेत्र तथा व्यवसायमा विदेशी कामदारलाई रोजगारी दिन सक्ने रोजगारदाता उद्योगको रूपमा सूचीकृत गरिने जनाइएको छ ।

आइटी सेवामा आवश्यक पर्ने अदक्ष कामदारका लागि रोजगारदाताहरूले विदेशी कामदार माग गर्न र भिसाका लागि आवेदन दिनसक्ने जनाउँदै विदेशी कामदारले प्लान्ट उद्योगमासमेत रोजगारी पाउनसक्ने बताइएको छ । हाल ई-९ भिसा प्राप्त गरेका विदेशी कामदारले उद्योग, निर्माण, कृषि, पशुपालन तथा मस्त्यपालन र केही सेवा उद्योगमा काम गर्ने अनुमति पाउँदै आएका छन् । अहिलेसम्म नेपाली कामदारका लागि कोरियाले उद्योग तथा कृषि क्षेत्रमा मात्र काम गर्ने अनुमति दिँदै (बाँकी पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैँ निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔँ ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं





**पर्यटकीय क्षेत्र वसन्तपुर वरपर सरसफाइ** | काठमाडौं महानगरपालिकाका–२४ पर्यटकीय क्षेत्र वसन्तपुरमा रहेका मठमन्दिर वरपर डबली तथा सडकको सरसफाइ गर्दै कामपाका कर्मचारी ।

*तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# यज्ञमती र चखुँचा खोलाको बहाव क्षेत्र छुटयाइँदै

**काठमाडौं–** काठमाडौं महानगरपालिकाको नेतृत्वमा गोकर्णेश्वरको यज्ञडोल क्षेत्रबाट बगेर आउने यज्ञमती र चखुँचा खोलाको बहाव क्षेत्र छुटयाउने कामले तीव्रता पाएको छ ।

काठमाडौं उपत्यकामा बस्ती बढेसँगै विसं २०६० पछि यस क्षेत्रका दुवै नदी पुरेर घर बनाउन थालिएको स्थानीयवासी चुडामणि कोइरालाले जानकारी दिए । तत्कालीन कपन गाविसका जननिर्वाचित पूर्वपदाधिकारी एवं सबै राजनीतिक दलका नेतृत्वको सहमतिमा नदी पुरिएको उनले बताए । नदी पुरेर ढल बिच्छ्याएसँगै बाढीले कपन एवं काठमाडौं महानगरपालिका-६ स्थित सरस्वतीनगर र वडा नं ७ को चावहिल क्षेत्रका केही बस्ती डुबानमा पर्ने गरेको छ । महानगर क्षेत्रमा पहिले नै खोलासँगै चार मिटरको




बहाव क्षेत्र छोडिएको छ । तर बूढानीलकण्ठ नगरपालिका-१० को भागमा भने खोलासँगै चार मिटर बहाव क्षेत्र नछोडी घर बनाइएको छ ।

खोलाको दायाँबायाँ चार/चार मिटर खुला भाग छोडेर घर बनाउनुपर्ने मापदण्ड भए पनि त्यो तत्कालीन कपन गाविसले पालना नगरेको यो प्रकरणले देखाएको छ । महानगरपालिका-७ का अध्यक्ष विमलकुमार होडा नापी कार्यालयले यस क्षेत्रको नापी गर्ने र पुर्जा भएको जग्गामात्र व्यक्तिको कायम गराएर बाँकी जग्गा सरकारी पर्तीका रूपमा कायम गरिने बताउँछन् ।

दुई दशकदेखिको यो समस्या समाधानका महानगरपालिकाको नेतृत्वमा ढल हटाएर नदीको बहाव क्षेत्र कायम गर्न लागिएको हो । नदीको बहाव क्षेत्र कायम गर्ने काम धमाधम भइरहेको महानगरपालिका-६ का अध्यक्ष भुवन लामाले जानकारी दिए । महानगर क्षेत्रमा नदीको बहाव क्षेत्रलाई कायम गर्न अझै केही दिन लाग्ने उनले सुनाए । दुवै खोलाको बहाव क्षेत्रबाट ढल हटाउने काममा बूढानीलकण्ठ नगरपालिकालेसमेत सहयोग गरिरहेको जनाइएको छ । कपन, सरस्वतीनगर क्षेत्रमा यज्ञमती र चखुँचा खोला कायम हुँदा बाढीको समस्या नरहेको स्थानीयवासी बिना दाहालले बताइन् ।

खोला पुरेर ढल हालेपछि भने वर्षाको समयमा बाटो हिँड्नै नसकिने गरी बाढी आउने गरेको छ । जसका कारण गत वर्ष एक बालकलाई बाढीले बगाएको थियो । *रासस*

## विवादित पात्रलाई...

पृष्ठ १ बाट जारी

नोबेल कलेज र सिनामंगलको काठमाडौं मेडिकल कलेजका सञ्चालक हुन् ।

शर्मा‌ले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा चिकित्सकीय अभ्यास गरिरहेको प्रमाण सिआइबीले नेपाल मेडिकल काउन्सिलमार्फत बटुलेको थियो । सात वर्षअघि नवराज सिलवाल त्यतिबेला डिआइजी थिए । उनकै प्रयासमा चलेको अपरेसनमा शर्मा पक्राउ पर्न असफल भए । जसमा ४० जनाभन्दा बढी चिकित्सक पक्राउ पर्दा ३६ जना चिकित्सकविरुद्ध अदालतमा मुद्दा दायर भएको थियो । जसमा सबैले सफाइ पाएका थिए । शर्मालाई सात वर्षअघि ‘अपरेसन क्वाक’बाटै नक्कली प्रमाणपत्र भएको आरोपमा पक्राउको तयारी थियो । अपरेसन चलेको सुइको पाउनसाथ जापान भागेर त्यतिबेला उनी बचेका थिए । सिलवाल आइजी हुन नपाएपछि त्यतिबेला शर्मा पक्राउ परेनन् । अहिले सिलवाल एमालेमा छन् ।

यही आरोपमा ‘फक्सट्रट चार्ली’ अपरेसनमा शर्मा पक्राउ परेका थिए । शुक्रबार उनलाई म्याद थप गर्न सिआइबीले जिल्ला अदालत काठमाडौं लगिएको थियो । तर, अदालतले शर्मालाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएपछि उनी थुनामुक्त भएका हुन् । न्यायाधीश दण्डपाणी शर्माको इजलासले सुनिललाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएको हो । सोही प्रकरणमा पक्राउ परेका अन्य दुई जनालाई सात दिन र बाँकी तीन जनालाई पाँच दिन म्याद थप गरी अनुसन्धान गर्न अदालतले आदेश दिएको छ ।

### रामेश्वर थापाको पक्षमा पनि उस्तै बोली

अहिले विवादमा आएको अर्का पात्र हुन् सिम्रिक एयरका अध्यक्ष क्याप्टेन रामेश्वर थापा । साउन २५ गते सिम्रिक एयरका सबै हेलिकप्टरको उडानमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । ४६ लाख रूपैयाँभन्दा बढी बक्यौता तिर्न अटेर गरेको र कम्पनीको वित्तीय अवस्था पनि खराब रहेको भन्दै क्यानले आफ्ना चारवटै हेलिकप्टरको उडानमा प्रतिबन्ध लगाएपछि कम्पनीले २८ गते बक्यौता रकम बुझाएको थियो ।

‘यही कुरा उद्योगी व्यवसायीमा लागू हुन्छ,’ सुनिल शर्मा प्रकरणसँग जोड्दै ओलीले भने, ‘एउटा हेलिकप्टर कम्पनी छ कि सिम्रिक हो कि के हो । ४७ लाख नतिरेको भनेर । कति बाँकी रैछ तिर्छु भनेर जाँदा एक लाख बाँकी रहेछ । यो त बहाना हो । कसैलाई पनि आरोप लगाउन सकिने भयो । पछि हैन रहेछ । छोडदिए भो । यस्तो गैरजिम्मेवारीपन । सुनिल शर्मा नमुना केस । एउटा सिटिङ एमपीलाई समातेर तर्साउन खोजेको । नाङ्लो ठटाएर हात्ती तर्साउन खोजेको ।’

व्यवसायी थापा पटक-पटक विवादमा आइरहने पात्र हुन् । बुधबार नै नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले थापासँग स्पष्टीकरण सोधेको छ । खराब मौसममा पनि उडान गर्न पाउनुपर्ने विषयमा निरन्तर लबिइङ गरेको भन्दै क्यानले क्याप्टेन थापासँग बुधबार स्पष्टीकरण सोधेको हो ।

पत्रमा उडान सुरक्षा नियमावलीको कार्यान्वयनमा गम्भीर प्रभाव पारेकाले क्यानको कानुनी दायरामा सञ्चालन हुनुपर्ने कम्पनीको अध्यक्षबाट किन नहटाउने भनी सोधिएको छ । थापालाई क्यानमा आफैं उपस्थित भएर स्पष्टीकरण बुझाउन भनिएको छ । क्यानले उडान सुरक्षाको कारण देखाएर वर्षाको समयसम्म भन्दै एक महिनाअघि हेलिकप्टर उडानमा कडाइ गरेको थियो ।

यतिमात्र हैन प्राधिकरणले तीनकुनेस्थित अन्नपूर्ण मिडिया नेटवर्क रहेको कर्पोरेट टावर किन नभत्काउने भन्दै स्पष्टीकरणसमेत सोधेको छ । भवन निर्माणअघि प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था पालना नभएको भन्दै स्पष्टीकरण सोधिएको हो । प्राधिकरणले यसअघि विमानस्थल नजिक रहेका ठूला व्यावसायिक भवनले उडान सुरक्षामा पारेको असर अध्ययन गर्न समिति गठन गरेको थियो । समितिले मुलुकभित्र रहेका ४३ विमानस्थलको तीन किलोमिटर क्षेत्रफल नजिक रहेका ठूला व्यावसायिक संरचनाको अध्ययन गर्ने क्षेत्राधिकार पाएको थियो ।

### दुर्गा प्रसाईंलाई लामो समय काँध

विवादित व्यवसायी दुर्गा प्रसाईंलाई अध्यक्ष ओलीले लामो समय साथ दिए । वाम एकताका लागि माओवादी अध्यक्ष पुष्पकमल दाहाल र ओलीलाई प्रसाईंले मार्सी भात खुवाउँदै प्रयास गरेका थिए । त्यतिबेला प्रसाईंको प्रयास सफल भयो पनि । त्यसपछि ओलीले प्रसाईंलाई केन्द्रीय सदस्यसम्म बनाए ।

विवादकै बीचमा प्रसाईंले बी एण्ड सी मेडिकल कलेज सञ्चालन गरेका थिए । उनको माफियाकरणविरुद्ध डा. गोविन्द केसीले पटक-पटक अनसनसमेत बस्नुपरेको थियो । यद्यपि, एमालेकै पालामा उनले काठमाडौं विश्वविद्यालय (केयू)बाट झापाको बी एण्ड सी मेडिकल कलेजलाई सम्बन्धन दिन चिकित्सा शिक्षा आयोगलाई सिफारिस गरिदियो । शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठको दबाबमा केयूको ८९औं बैठकले सम्बन्धन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो । त्यसअनुसार विश्वविद्यालयको विज्ञ सम्मिलित टोलीले वैशाख २२ देखि २६ गतेसम्म कलेजको निरीक्षण गरेको थियो ।

सौराह महाधिवेशनमा एमालेबाट चर्चित पात्र बनेका थिए प्रसाईं । त्यसपछि एमालेको साथ पाएका प्रसाईं भाइरल बन्दै गए । पछिल्ला दिनमा पूर्वराजा ज्ञानेन्द्र शाहको अभिव्यक्ति दिन थालेपछि पनि उनलाई ओलीले लामो समयसम्म साथ दिएका थिए । यद्यपि पार्टीभित्रै र बाहिर चर्को आलोचना भएपछि एमालेले प्रसाईंलाई पार्टीबाट निष्कासन गऱ्यो ।

अहिले प्रसाईंलाई पूर्वराजा ज्ञानेन्द्रलेसमेत साथ छाडेको बताइन्छ । प्रसाईं भने ओलीलाई बेलाबेला हजुरबा भन्दै एमालेको आलोचनामा उत्रने गर्छन् । कांग्रेस सांसद छुट्दा प्रसाईं स्वागत गर्न पुगेका थिए ।

## अनौपचारिक श्रमिक...

पृष्ठ १ बाट जारी

वृद्धावस्थाबापतको सुविधा प्राप्त गर्न ६० वर्ष उमेर पुगेको र कम्तीमा १८० महिना योगदान गरेको हुनुपर्नेछ । अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले कोषमा आवेदन दिएर सो योजनामा सहभागी हुन सक्नेछन् । आवेदनका लागि स्वरोजगारमा रहेका व्यक्तिले नागरिकताको प्रतिलिपि, व्यवसाय दर्ता गरेको भए प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, आफूले मासिकरूपमा गर्ने योगदान रकम, प्यान वा कर दर्ता प्रमाणपत्र, सम्पर्क नम्बर पेस गर्नुपर्नेछ ।

अनौपचारिक क्षेत्रका श्रमिकले नागरिकताको प्रतिलिपि, आफूले श्रम गर्ने गरेको क्षेत्र (कृषि, यातायात, निर्माण वा घरेलु कामदार), वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिसपत्र पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

### सात लाख श्रमिक समेटिए

हालसम्म सात लाख १६ हजार १२८ श्रमिक सामाजिक सुरक्षा योजनामा समेटिएका छन् । मंगलबारसम्म औपचारिक क्षेत्रका चार लाख ३२ हजार ८५५ र वैदेशिक क्षेत्रका दुई लाख ८३ हजार २६५ श्रमिक योजनामा आबद्ध भएको कोषले जनाएको छ ।

कोषले हालसम्म योगदानकर्तालाई विभिन्न सुविधा योजनाअन्तर्गत पाँच अर्ब ४३ करोड रूपैयाँ दाबी भुक्तानी गरेको छ । कोषबाट ९४ हजार ६०१ योगदानकर्ताले विभिन्न सुविधा लिएका छन् । हालसम्म ३९ अर्ब ८२ करोड रूपैयाँ योगदान संकलन भएको कोषले जनाएको छ ।

## उद्योग र कृषिबाहेक...

पृष्ठ १ बाट जारी

आएकोमा अब अन्य क्षेत्र खुला गरेसँगै कामदार अभाव भएका क्षेत्रमा कानुनी रूपमा नै रोजगारीको अवसर प्राप्त गर्नेछन् । जसअन्तर्गत ई-९ भिसा पाएका नेपाली कामदारले रेस्टुरेन्ट, क्याफे, डिपार्टमेन्टल स्टोर, होटल, आइटीजस्ता सेवा क्षेत्रमा काम गर्न सक्नेछन् । ई-९ भिसा अदक्ष विदेशी कामदारलाई जारी गरिने कार्य भिसा हो ।

कोरिया सरकारले श्रमबजारमा हुनसक्ने जनशक्ति अभावलाई सम्बोधन गर्न रोजगार अनुमति क्षेत्र विस्तार गर्ने निर्णय गरेको उक्त समाचारमाध्यमले जनाएको छ । हाल कोरियन मूलका विदेशी नागरिकले एन-२ भिसा जारी गरेर यस्ता क्षेत्रमा काम गर्ने अनुमति पाउँदै आएका छन् । यसैगरी कोरियामा अध्ययन गर्ने विदेशीले डी-२ भिसामा हप्ताको ३० घण्टामात्र आंशिक काम गर्न अनुमति लिएर सेवा क्षेत्रमा काम गर्दै आएको बताइन्छ । कोरियाले पछिल्लोपटक कानुन परिमार्जन गरी आइटी क्षेत्रलाई पनि ई-९ भिसा पाएका कामदारले काम गर्न पाउने उद्योगको रूपमा थपेको छ । कोरियाले अदक्ष कामदारको लागि ई-९ र दक्ष कामदारका लागि ई-७ भिसा जारी गर्दै आएको छ ।


## सूर्यगढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**चोकदे, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०४/३२

सूर्यगढी गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक देहाय अनुसारका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त फारम भरी राजश्व तिरेको रसिदसहित यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-२०८०/०८१ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव :-**
   (क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको ।
   (ख) **अनुभव र सीप :** प्राविधिक सहायकमा देहायको अनुभव र सीप आवश्यक पर्नेछ ।
   - कम्तिमा ३ महिना तालिम लिई आधारभूत सीप भएको ।
   - पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्पारिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

   (ग) **उमेर:** कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान :** सूर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रोजगार सेवा केन्द्र, चोकदे, नुवाकोट वा गाउँपालिकाको ईमेल ठेगाना suryagadhimun@gmail.com मा आवश्यक कागजातसहित दरखास्त दिन सकिनेछ ।

३. **आवेदन दस्तुर :** रु ५००।- सूर्यगढी गाउँपालिकाको आन्तरिक राजश्व खाता वा गाउँपालिकामा बुझाएको रसिद र भौचर ।

४. **छनौट किसिम :** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा र लिखित परीक्षाको मिति, अन्तिम मितिको भोलिपल्ट सूचना प्रकाशन गरिनेछ ।

५. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु:
   - नागरिकताको प्रतिलिपि
   - न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाणपत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

६. **सेवा सुविधा :** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धीको प्रक्रिया दफा ११, १२ र १३ बमोजिम हुनेछ ।

७. **पदले सम्पादन गर्नुपर्ने कार्य विवरण :** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धीको प्रक्रिया दफा ९ बमोजिम हुनेछ ।

८. **दरखास्त दिने अन्तिम मिति :** २०८०/०५/१४ गतेसम्म ।

**नोट :** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी यस कार्यालयका website:-www.suryagadhimun.gov.np वा www.pmep.gov.np मा उपलब्ध छ । थप जानकारीको लागि सूर्यगढी गाउँपालिकाको रोजगार केन्द्र सम्पर्क नम्बर ९८४६२६४३७५ मा कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/३२ गते)

कुलदीप रायको छोरी, स्वर्गीय राम अवातार रायको पत्नी सर्लाही जिल्ला, मलंगवा गा.वि.स वडा नं ०२ (हाल साबिक मलंगवा न.पा. वडा नं. ०२, सर्लाही ) बस्ने इशवरी देवीको मिति २०८०/०२/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मलंगवा शाखामा रहेको बचत खाता नं. ०९७००९७०८१९००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँभनी निज खातावालाको छोरीले यस बैंक मलंगवा शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय मलंगवा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमावा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं ०४६-५२१४०७/२०६



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/३२ गते)

श्री हर्ष वीर चित्रकारको नाति, श्री कृष्ण बहादुर चित्रकारको छोरा, श्रीमती केशावती चित्रकारको श्रीमान साविक काठमाण्डौ महानगरपालिका वडा नं. ३२, डिल्लीबजार बस्ने बखत बहादुर चित्रकारको मिति २०७८/०४/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको श्री बखत बहादुर चित्रकारको खाता नं. २०४०१८८६००८००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी भावना चित्रकारले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-४२४६१०५

# जैविक तटबन्धले हटायो बाढीको चिन्ता



■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** कृष्णपुर नगरपालिका-२ नयाँबस्तीका शिव दमाईलाई खोलामा बाढी आएका बेला जग्गा बगाउने चिन्ता हटेर गएको छ । खोलामा जैविक तटबन्ध निर्माणको कार्य गरिएपछि बाढीको पानीले जग्गा कटानी गर्न छाडेको छ ।

'बाँसको जैविक तटबन्ध निर्माण गर्दा यसले बाढीलाई रोक्न सक्छ र भनेर धेरैले कुरा काट्ने गरेका थिए,' उनले भने, 'तटबन्ध निर्माण भएपछि खोलाले जग्गा बगाउन छाडेको छ, वर्षा भइरहेका बेला विगतमा मुटु ढुकढुक हुन्थ्यो, कुन बेला खोलाको बाढीले जग्गा बगाएर घर नै लग्ने भन्ने मनमा डर हुन्थ्यो ।' जैविक तटबन्ध निर्माणले त्यो सबै चिन्ता र डर हटेर गएको उनी सुनाउँछन् । कुरा काट्नेहरू अहिले जैविक तटबन्धले बाढीबाट गरेको सुरक्षा देखेर छक्क पर्ने गरेको उनी बताउँछन् ।

खोलाले जग्गा बगाउन सुरु गरे सबै जना मिलेर जैविक तटबन्ध निर्माण गर्नमा जुट्ने गरेको उनको भनाइ छ । बण्ड खोलामा नगरपालिका, मर्सिकोर र निड्स नेपालको साझेदारीमा सञ्चालित समुदायको बाढी उत्थानशीलता मापन कार्यक्रमअन्तर्गत १५० मिटर जैविक तटबन्ध निर्माण गरिएको छ । तटबन्ध निर्माणले ५१ परिवारको जग्गा कटानी (भू-क्षय) रोकिएको छ ।

तटबन्ध निर्माण गरिएको क्षेत्रमा स्थानीय बासिन्दाले घाँस र बाँसका बिरुवा रोपेका छन् । त्यसले गर्दा जग्गाको माटो बग्न पाउने गरेको छैन । खोलामा बाढीको पानी खतरा तह पार गरेपछि नेपालीले गाउँका बासिन्दालाई साइरन बजाएर सचेत पार्ने कार्य पनि गर्दै आएका छन् । 'तटबन्ध निर्माण नहुँदा जग्गा कटानी हुने क्रम तीव्र थियो,' स्थानीय राजमती चौधरीले भने, 'बढी वर्षा भए घर छाडेर सुरक्षित स्थानमा जाने गरेका थियौं, अहिले वर्षा जति भए पनि घरमै बस्ने गरेका छौं ।'

खल्लागोठका प्रताप धानुकले मछेली नदीमा बाढी आएको जानकारी सहजरूपमा पाउने गरेका छन् । गाउँमा पूर्वसूचना कार्यदल, प्राथमिक उपचार कार्यदल र खोज तथा उद्धार कार्यदल गठन भएका छन् । कार्यदलमा सहभागी सदस्यलाई आवश्यक तालिम र सामग्रीको व्यवस्था गरिएको छ । चुरे क्षेत्रमा अधिक वर्षा हुँदा नदीको सतह बढ्न थालेको जानकारी पूर्वसूचना कार्यदलले उपलब्ध गराउने गरेको छ । नदीको बाढीको पानी बस्तीमा पस्न नपाउँदै गाउँका बासिन्दा सुरक्षित स्थानमा गएर बस्ने गरेको धानुक बताउँछन् ।

'कार्यदल गठन नहुँदा नदीको बाढीको पानी घरभित्र पस्न सुरु गरेपछि मात्रै जानकारी पाउने गरेका थियौं,' उनले भने, 'भू-क्षय हुने ठाउँमा जैविक र तारजालीको तटबन्ध निर्माण गरिएको छ, जसले जग्गा कटानी हुने क्रम रोकिएको छ, बाढी आउनुअगावै जानकारी पाइने भएकाले कुनै चिन्ता छैन ।' नदीजन्य पदार्थको जथाभावीरूपमा हुने उत्खनन रोक्न सके बाढीजन्य प्रकोपबाट सहजरूपमा जोगिन सकिने स्थानीय जीतबहादुर महरा बताउँछन् ।

'बाढीजन्य विपद्बारे जानकारी नपाउँदा पहिला निकै कष्ट सहचौं,' स्थानीय किष्ना साउदले भने, 'अहिले विपद्को सामना गर्न गठन गरिएको कार्यदलमा आबद्ध भएपछि गाउँका बासिन्दालाई सुरक्षित गर्न सकेका छौं ।' गाउँका बासिन्दालाई बाढीजन्य विपद् आएका बेला आकस्मिक समस्या आए विपद् कोषबाट रकम झिकेर सहयोग गरिँदै आएको उनले बताए । उनका अनुसार विपद् कोषमा ५० हजार रूपैयाँ रकम जम्मा गरिएको छ ।

पुरानो बस्ती खल्लागोठमा मछेली नदीको पानी पस्न नदिन र जग्गा कटान रोक्न नगरपालिकाबाट पाँच लाख रूपैयाँ र निड्सको पाँच लाख रूपैयाँको साझेदारीमा तटबन्ध निर्माण गरी बस्तीलाई सुरक्षित पारिएको वडाध्यक्ष अर्जुनबहादुर साउद बताउँछन् ।

'अठन्नीफाँटा, नयाँ बस्तीलगायतका क्षेत्रमा साझेदारीमा भू-क्षय रोक्नका लागि तटबन्ध निर्माणकार्य अगाडि बढाएका छौं,' उनले भने, 'केही ठाउँमा प्रदेशबाट तटबन्धका योजना ल्याई कार्यान्वयन गरेका छौं ।' नदी, खोलाको पानी खतरा तह पार गरेको सूचना पाएपछि अग्रस्थानमा रहेर स्थानीय समुदायलाई सुरक्षित स्थानमा सार्ने कार्यमा लाग्ने गरेको उनी सुनाउँछन् ।

निड्सका कार्यकारी निर्देशक भवराज रेग्मीले बाढीजन्य विपद्को सामना गर्नका लागि कृष्णपुर नगरपालिका र दोधारा चाँदनी नगरपालिकामा विपद् प्रतिकार्यका योजना निर्माण गरेसँगै समुदायस्तरमा कार्यदल गठन गर्ने, तालिम दिने, समुदायलाई विपद्बारे सचेत पार्ने, विपद् कोष स्थापना गर्ने र आयआर्जनका कार्यक्रम सञ्चालनमा सहयोग गर्दै आएको बताए ।

निड्सका कार्यक्रम संयोजक नवीन भण्डारीका अनुसार सन् २०२२ देखि कृष्णपुरका खल्लागोठ, नयाँ बस्ती र अठन्निफाँटामा कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमबाट १७३ घरधुरी लाभान्वित भएका छन् । यसैगरी दोधारा चाँदनीका वडा नं ३ को पट्टरखल्ला, ७ को कञ्जभोज र १० को कुतियावरमा कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रमबाट तीनवटै वडाका १३५ परिवार लाभान्वित भएका छन् ।

कार्यक्रम सञ्चालन भएका समुदायमा सन् २०२२ मा विपद् कोषका लागि प्रतिसमुदाय २० हजार रूपैयाँ रकम प्रदान गरिएको छ । चार समुदायलाई खोज तथा उद्धार सामग्री वितरण र कुतियाकवरमा डुंगा निर्माण गरी हस्तान्तरण गरिएको छ । दुवै नगरपालिकालाई सिडिएमसी गठन तथा परिचालन कार्यविधिको मस्यौदा तयार गरी सहयोग गरिएको छ ।

कुतियाकवरमा दोधारा चाँदनी नगरपालिका र निड्सको साझेदारीमा दुईतले सुरक्षित आवास भवन निर्माणको कार्य अगाडि बढाइएको छ । कृष्णपुरका तीन समुदायमा ३१४ मिटर र कुतियाकवरमा २५० मिटर बायोइञ्जिनियरिङ पर्खाल निर्माण गरिएको छ ।

हाल (सन् २०२३) मा हरेक समुदायको विपद् कोषलाई ३० हजार रूपैयाँका दरले रकम प्रदान गरिएको कार्यक्रम संयोजक भण्डारीले जानकारी दिए । 'दोधारा चाँदनीको पट्टरखल्ला जाने बाटोमा ह्युमपाइप राख्ने कार्य गरेका छौं,' उनले भने, 'यस कार्यले सडक यातायातको कार्यलाई निर्वाध सञ्चालनमा सहयोग गरेको छ ।' *रासस*

## माईग्रेसन हराएको सूचना

मिति २०८०/०३/०६ गते भक्तपुर क्याम्पसबाट सानोठिमीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सुसान राई**
**रजिस्ट्रेसन.नं.: ७८३२५०११०८८७**
**सिम्बोल.नं.: २२५०१७०८**
**ठेगाना.: पुरानो ठिमी, भक्तपुर**
**सम्पर्क: ९८६३३३६६४५**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ११० साउन २६ गते २०८० मा प्रकाशित **Target Consultant Human Resources Pvt Ltd** को Lot No. 290702 को **A Symbol Trading & Services** कम्पनीको विज्ञापनमा **पुर्व स्वीकृति मिति:** २०८०/०४/२४ हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## बीमालेख हरायो

**मिति २०८०/०३/१६ गते सामाखुसी देखि चक्रपथ सम्म आउँदा मेरो एसियन लाइफ इन्स्योरेन्स बाट जारी मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।**

**नाम: जानुका खड्का**
**बीमालेख नं.: ५११४००२७५३१**
**फोन नं.: ९८४९२२८३७९**

## भुलसुधार

यस राष्ट्रिय सहकारी बैंक लिमिटेडको मिति २०८०/०४/३१ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित श्री एभरट्रष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको **"धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना"** हुनुपर्नेमा अन्यथा भएकाले सोही अनुसार भुलसुधार गरी म्याद सच्याईएको छ ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य महानुभावहरूमा

### १३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति: २०८०/०४/३२, प्रभाव राष्ट्रिय दैनिक**

यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर, काठमाडौंको मिति २०८०।०४।२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको १३औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका उल्लेखित एकाइहरुमा तोकिए बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई अनुरोध छ ।

**साधारण सभाका कार्यसूचीहरु**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा,
६. आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
७. साधारण सभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि तथा साधारण सभा (केन्द्र) को निर्णय प्रमाणित गर्न पठाउनु पर्ने एकाइ प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा,
८. आ.व. २०७९/०८० मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने,
९. विनियम संशोधन सम्बन्धमा,
१०. आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा,
११. विविध ।

**कार्यक्रम:**

| बैठक मिति | एकाइ | एकाइको क्षेत्र (सेवा केन्द्र) | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०८०।०५।२३ | १ | कुमारीपाटी सेवा केन्द्र | बिहान ८:१५ बजे | क्रिष्टल व्यांकेट, मानभवन ललितपुर |
| २०८०।०५।३० | २ | गोठाटार सेवा केन्द्र | बिहान ८:१५ बजे | शुभश्री व्यांकेट, काँडाघारी काठमाडौं |
| २०८०।०६।०३ | ३ | लुभू सेवा केन्द्र | बिहान ८:१५ बजे | लुभू पार्टी प्यालेस, लुभू ललितपुर |
| २०८०।०६।०६ | ४ | मुख्य कार्यालय नयाँ बानेश्वर | बिहान ८:१५ बजे | थापागाँउ व्यांकेट, नयाँ बानेश्वर काठमाडौं |

**साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा :**
**२०८० असोज ११ गते, बिहिबार बिहान ११:०० बजे, संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वर, काठमाडौं**

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**

नोट: संस्थाको १३औं वार्षिक प्रतिवेदन ***www.jyotipunja.coop.np*** बाट पनि प्राप्त गर्न सकिने छ ।

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
Jyotipunja Saving & Credit Co-operative Ltd.
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

**मुख्य कार्यालय: नयाँ बानेश्वर, काठमाडौं**
**फोन नं: ०१-४७९०९८५, ४७९६३२७**
**Email:info@jyotipunja.coop.np**
**URL: www.jyotipunja.coop.np**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०४/३२**

यस कम्पनीको मिति २०८०/०२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **Maitri Mangalam Arganic Krishi Form Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरी **Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## बिद्धुतीय बोलपत्र e-GP आह्वानको सूचना

**सूचना नं. NA/DIV-WEST-EMEBN/080/81/1**
प्रथम पटक प्रकाशित मिति: २०८०/०४/३२ गते ।

१. चालु आ.ब. २०८०/८१ को लागि यस ई.एम.ई गणलाई आवश्यक पर्ने बिभिन्न किसिमका सवारी साधनहरुको स्पेयर्स पार्टसहरुको e-GP System को माध्यमबाट ठेक्का लिई आपूर्ति गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई यो बोलपत्र आह्वान गरिएको छ ।

| सि.नं. | कामको विवरण | बोलपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | बोलपत्र जमानत ने.रु. | बोलपत्र मान्य हुने अबधी | बोलपत्र विड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १. | बिभिन्न किसिमका सवारी साधनहरुको स्पेयर्स पार्टसहरु आपूर्ति | ३०००/- | १,१७,०००/- | ९० | २०८०/०५/३१ गतेको १२:०० बजे । | २०८०/०५/३१ गते को १३:०० बजे पश्चिम पृतना ई.एम.ई. गण । |

२. थप जानकारीको लागि फोन नं. ०६१४११३७३ तथा ईमेल: div-west-eme@nepalarmy.mil.np मा सम्पर्क राख्न सकिने र बोलपत्र www.bolpatra.gov.np//egp सिष्टम मार्फत विड गर्नुपर्ने छ ।
३. राजस्व दाखिलाको लागि कार्यालय कोड नं. ३४५०१३९०४, कार्यालय श्री पश्चिम पृतना ई.एम.ई गण, खाता नं. १०००२०००१०००० राष्ट्रिय बाणिज्य बैङ्क, राजस्व शिर्षक नं. १४२२९
४. धरौटी दाखिलाको लागि कार्यालय कोड नं. ३४५०१३९०४, धरौटी खाता नं. ३०२०१००१०२०३०००० राष्ट्रिय बाणिज्य बैङ्क, पृथ्वीचोक पोखरा शाखा खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का. कास्की पोखरा ।


## व्यक्तिगत घटना दर्ता समयमै गरौं र गराऔं

- जन्म, मृत्यु, बसाइँ सराई, विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई नि:शुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।
- योग्यता पुगेका लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न बिबरण समेत दर्ता गराउनु हुन अनुरोध छ ।
- साथै व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धि कुनै गुनासो भएमा उक्त समयमा गुनासो समेत दर्ता गर्न सकिन्छ ।
- बसाइँ सराई गरेर जाँदा (जुन ठाउँबाट जान लागिएको हो) र आउँदा (बस्न लागिएको नयाँ ठाउँ) दुबै ठाउँमा घटना दर्ता गराउनुपर्दछ ।

**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुदुरपश्चिम प्रदेश, डडेल्धुरा, नेपाल**


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ११५ साउन ३१ गते २०८० मा प्रकाशित **Green Tara International Overseas Services Pvt. Ltd.** को Lot No. 291040 को **Arabian Gulf Facility Management Llc** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति:** २०८०/०५/०६ **(23rd Aug, 2023)** हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## Aandhikhola Rural Municipality
### Office of the Rural Municipal Executive
**Krishi, Syangja**
**Gandaki Province,Nepal**

### Notice for the Letter of Intent

***(First Publication Date : 17th of August, 2023)***

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-W-NCB-TR-15-2079-80,*** as per the Invitation for Bids published in the national daily newspaper **" Prabhav National Daily"** on **11th of July, 2023**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-W-NCB-TR-15-2079-80, Mahajubhanjyang Deurali Gorujure Tourism Trail Road & park Construction Work | SHREE ECO ZONE ARCHITECT & CONSTRUCTION PVT. LTD, POKHARA-10, KASKI | 33,00,363.34 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कामको मेलो मिलाऊ सरकार

**सरकार यतिबेला कामविहीन जस्तै बनेको छ । सदन सुन प्रकरणका कारण ठप्प छ । प्रधानमन्त्री पुष्पकमल दाहाल विभिन्न कार्यक्रम उद्घाटनमै व्यस्त छन् । प्रधानमन्त्रीमात्र हैन सरकारका अधिकांश मन्त्रीहरूको पनि कार्यक्रम उद्घाटन र भाषणबाजीमै दिन बित्ने गरेको छ । हुन त दिनदिनै मन्त्री फेरिरहने भएकोले कुन मन्त्रीले के काम गर्छन्, जनतालाई ठम्याउन पनि मुस्किल हुन्छ । कतिपय मन्त्रीहरूको नाम सम्झन पनि सर्वसाधारणलाई अप्ठेरो । आयो रे गयो रे मै मन्त्रीहरूको शपथग्रहणदेखि पदमुक्त सकिन्छ । केही मन्त्रीहरू विदेश पुग्छन् । घुम्छन् फोटो खिचाउँछन् । उपलब्धि शून्य ।**

**कुनै बेला प्रधानमन्त्री दाहालले 'बोल्ने कम, काम बढी' भन्ने नारा नै बनाएका थिए । तर सरकारको पारा हेर्दा उनको वाचाले खासै उपलब्धि हासिल गरेन । हुन त गठबन्धनको सरकार भएर पनि होला । 'तैं रानी मै रानी, कसले भर्ला कुवाको पानी' भनेझैं अर्कै पार्टीले जस लिने डरले न त प्रधानमन्त्रीले काम गरेका छन् न त अरु पार्टीका मन्त्रीहरूले । गरेको केवल पुराना फाइल पल्टाएर 'पपुलिस्ट' काम गरी वाहवाही कमाउने कामबाहेक यो सरकारले केही गरेको देखिन्न । सरकारले सदन खुलाएर संसद्मा विचाराधीन विधेयकहरूलाई अघि बढाउनुपर्ने हो ।**

**वित्तीय कानुनहरू नबन्दा देश अप्ठेरो अवस्थामा पुगिसकेको छ । आर्थिक संकटका बेला चोरीपैठारीबाट आउने सामान, कालो धनको खेल नेपालमा हुन थालेको छ । कालो धनलाई सेतो बनाउने धन्दा विल्कुलै गलत कार्य हो । धार्मिक रूपमामात्र यो गलत छैन । अन्तर्राष्ट्रिय व्यापार सन्धिले पनि यसलाई राम्रो मान्दैन । जसकारण नेपालको अर्थतन्त्र अहिले ग्रे लिस्टमा छ । सरकारले वित्तीय कानुन बनाइसक्ने भन्दै वाचा कसेको धेरै भइसक्यो । तर कानुन बनाउने विषयमा सिन्को भाँच्न सकेको छैन ।**

**सरकारलाई कसरी असफल पार्ने भन्ने लाइनमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले लागेको छ । एमालेलाई आफ्नो हुँदाखाँदाको सत्ता गुमेको पीडा छ । त्यसैले पनि एमाले जसरी पनि सत्तालाई दुःख दिने नियतले अघि बढेको छ । सत्तारुढ दलले नसकेपछि बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले सदन खुलाउन प्रयासस्वरूप एमाले अध्यक्ष ओलीलाई भेटेका छन् । सायद राष्ट्रपतिसँग ओलीको केही सहमति भएको हुनसक्छ सदन सञ्चालनबारे । सदन नखुल्ने र कानुन निर्माणमा ढिला हुँदै जान थाले यो सरकार अहिलेसम्मकै असफल ठहरिनेछ । त्यसैले प्रधानमन्त्री दाहालले लक्ष्य प्राप्तिका लागि हदैसम्म लचकता अपनाओस् ।**

## मनन्योग्य

### चाणक्य नीति

त्यहाँका वासिन्दाहरू लडाकु प्रवृत्तिका थिए । यी सीधा-साधा आदिवासी दुई अपरिचित व्यक्तिलाई देखी आश्चर्यले उनीहरूका छेउमा भेला हुन थाले । शकटार र चाणक्यले मुरा र चन्द्रगुप्तका विषयमा सोधे कुनै युवकले तिनलाई मुराको झुपडीमा पुयाइदियो । यस झुपडीभित्र दुवैले एक युवती अति मैलो भेषभूषामा हातले खजुरका पातको पंखा बनाइरहेकी, साथै एउटा युवक टपरीमा भोजन गरिरहेको देखे ।

झुपडीमा मामुली घरेलु सामान केही गाँसेका (बुनेका) पातका पखा, धनुष र त्यसको ठोक्रो थियो । मुराको त्यस्तो मलीन अनुहारमा सुन्दरताको लक्षण अझसम्म पनि थियो, तर समयले थप्पड मार्दा दुब्ली भएकी जस्ती देखिन्थिन् ।

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्याउन । युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे । चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे । एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए । अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौं । मुराले भनिन्-'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ ।'

गौरसँग हैदै चाणक्यले भने-'देवी ! तपाई धन्य हुनुहुन्छ जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौं ।'

'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ । नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ । जसले पनि आफ्नै ढुकुटी गरिरहेछन्, कसैलाई छैन । यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ । यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ ।

मुराले दयनीय अवस्थामा भनिन्-'महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानत्र होओस् । अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ ।'

होइन देवी ! नन्द कसैको असल चाहँदैन । चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ । चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईले चन्द्रगुप्तको रौं पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ । मगधका व्यक्ति-व्यक्ति तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन् । क्रमशः

# संसद्मा जनताको मुद्दा उठाउने कि अवरोधमात्रै



श्रीराम श्रेष्ठ

संसद् सार्वभौम नेपाली जनताको थलो हो । संसद्मा आमनेपालीका मुद्दा उठ्न पाउनुपर्छ । एमालेले सुन प्रकरणलाई निहुँ बनाएर अव्यावहारिक राजनीति छोडेर संसद्मा यस्ता विषयहरू उठान गरोस्, गृहमन्त्री, अर्थमन्त्री वा प्रधानमन्त्रीलाई उभ्याएर जवाफ मागोस् । राज्यको निकायले गरेको छनबिनमा उसले अविश्वास प्रकट गर्नुको मुख्य कारण खुलाओस् ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले निरन्तर रूपमा प्रतिनिधिसभा बैठक अवरोध गरिरहेको छ । साउन १० यताका संसद् बैठकले कार्यसूचीमा प्रवेश पाउन सकेका छैनन् । एमालेले संसद् अवरोध गर्नुको मुख्य कारण देखाएको छ हालै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समातिएको सुन । सुन प्रकरणमा उच्चस्तरीय छानबिनको विषयलाई लिएर एमालेले सरकारलाई विश्वास गर्न सकेन, छानबिन प्रभावित हुने, वास्तविक ठूला भनिएका पर्दा पछाडिका दोषीहरूलाई उम्काउन सक्नेजस्ता अनुमानलाई एजेण्डा बनाएर संसद् चल्न नदिने एमालेको रणनीति नै देखिन्छ ।

एमालेले उठान गरेको सुन प्रकरणका दोषीको छानबिनको एजेण्डा अहिले संसद्को गतिरोध बढाउनेमात्र नभएर गठबन्धन सरकार ढाल्ने मागको गतिमा अगाडि बढेको छ । केही दिन अघिमात्र सरकार पूर्ण असफल भयो, भ्रष्ट भयो भनेर एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री पुष्पकमल दाहालको राजीनामा नै माग्न भ्याइसकेका छन् । सुन प्रकरणकै विषयमा उच्चस्तरीय छानबिनको माग राखेर सदन, सरकार र सडकमासमेत प्रदर्शन गरेर जसरी पनि सरकारको विकल्प खोज्ने खुल्ला रणनीतिमा यतिबेला एमाले नेतृत्व हात धोएर लागेको देखिन्छ ।

सुन प्रकरण नेपालको कानुनअनुसार फौजदारी अभियोजनको मुद्दा चल्ने आपराधिक घटना हो । अवैधानिक र तस्करी गरिएका सुन समातिएको यो नै पहिलो घटना पनि होइन । यस्तो आपराधिक घटनामा कानुनबमोजिम राज्यको कानुनी अंगहरू प्रहरी, राजस्व अनुसन्धान विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका सरकारका तोकिएका विभागहरूले गर्ने हो । छानबिनबाट वास्तविक दोषी पत्ता लगाउने र ती दोषीहरूलाई अदालतमा मुद्दा लगाउने अधिकार र जिम्मेवारी ऐन कानुनअनुरूप खडा गरिएका सरकारी निकाय प्रहरी वा राजस्व अनुसन्धान विभागको हो । उसैले यो मुद्दालाई अदालतसम्म पुऱ्याउँछ र कारबाहीको दायरामा ल्याउँछ । छानबिनबाट प्राप्त प्रमाणको आधारमा अदालतमा मुद्दा चल्छ र अदालतले नै कानुनबमोजिम दोषी ठहर भए कारबाहीको अन्तिम आदेश दिन्छ । अपराधका घटनामा राज्यका अंगहरूले स्वतन्त्रपूर्वक छानबिन गरेर कारबाही गर्ने परिपाटीमा अविश्वास गर्ने हो भने राज्य संयन्त्र कमजोर हुन्छ । सुन प्रकरणमा एमालेले माग गरेजसरी उच्चस्तरीय वा संसदीय छानबिन समिति बनाउनु भनेको अहिले चलिरहेको छानबिनको प्रक्रियालाई कमजोर बनाउनु हो । अर्कोतर्फ राज्यकै अंगहरूलाई विश्वास गरेर राज्य संयन्त्रलाई कमजोर बनाउने प्रयास गर्नु उचित वा जायज कुरा भएन । विभागीय छानबिनपछि आउने प्रतिवेदन र अदालतको आदेश नआएसम्म प्रतिपक्षी वा कुनै पनि पक्षले अविश्वास वा त्यसको विरोधमा समय खर्चिनु अनुचित हुन्छ । त्यसमाथि पनि यस्तो कानुनी छानबिन भइरहेको अवस्थामा यसै मुद्दालाई एजेण्डा बनाएर एमालेले संसद् बैठक अवरुद्ध गरिरहेको छ । जुन सरकारप्रति विरोधका लागि विरोध अत्यन्तै अव्यावहारिक र प्रतिशोधात्मक क्रियाकलाप हो ।

सुन प्रकरण एउटा नितान्त गैरकानुनी र आपराधिक घटना हो । अझ यो देशभित्र मात्र सीमित नरहेर अन्तर्राष्ट्रिय संगठित अपराध भएकाले पनि सरकारले सिआइबीलाई मुद्दाको छानबिन गर्न जिम्मेवारी दिएको छ । सोही क्रममा विभिन्न सन्दिग्ध आरोपीहरू पक्राउ पनि पररहेका छन् । राज्यको निकायबाट छानबिन जारी रहेको अवस्थामा विश्वास छैन भनेर बाहिरबाट विशेष समितिको माग गरेर एमालेले सुन प्रकरणलाई विषयान्तर गर्न खोजिरहेको छ । सुन प्रकरणमा कृष्णबहादुर महरा र उनका छोराका नाम पनि छानबिनको दायरामा आएको छ । माओवादी केन्द्रका उपाध्यक्षसमेत रहेका कृष्णबहादुर महराका बाबुछोरा नै सुन प्रकरणमा मुछिएको विषय संसद्मा छलफल हुनुपर्छ । सरकारको जवाफ खोजिनुपर्छ ।

तर, प्रतिपक्षीले यस्तो विषयमा राजनीति गरेर संसद् अवरुद्ध गर्दा सरकारको विरोध गरेजस्तो गरेर जनतालाई नै झुक्याइरहेको छ । अन्य राजनीतिक तथा विशिष्ट व्यक्तिहरूको संलग्नता पुष्टि हुनसक्छ । यस्तो अवस्थामा सिआइबीलाई छानबिनमा रोकेर विशेष समिति बनाउने माग राखेर एमालेले सुन प्रकरणलाई राजनीतिकरण गर्न खोजेको छ । अर्थमन्त्री र गृहमन्त्री दोषी हुन भनेर अनुमानको तीर हानेर सरकार पछार्ने राजनीतिक दाउपेच बोकेर एमालेले संसद्मा जारी राखेको विरोध र अवरोधले कैयौं दिनको संसद्का महत्त्वपूर्ण बैठकहरू अवरुद्ध भइसकेका छन् । संसद्लाई अनिर्णयको बन्दी बनाएर संसद् सदस्यहरूले उठाउनुपर्ने विषयलाई समेत एमालेले अवरोध गरिरहेको छ ।

एमालेले विचार गर्नुपर्ने विषय के पनि छ भने केपी ओली नेतृत्वमा रहँदा भित्रिएको ३३ किलो सुन गायब भयो । यो प्रकरणमा प्रश्न गर्दा एमाले तै चुप मै चुपको अवस्थामा छ । तर, सरकारी निकायले अवैध रूपमा भित्रिएको ६० केजी सुन बरामद गर्दा एमालेलाई टाउको दुखाइका विषय बनेको छ । पक्कै पनि यो प्रकरणमा संलग्न मुख्य दोषी पत्ता लगाउनैपर्छ । तर, अनुसन्धान नै प्रभावित हुनेगरी एमाले सदन अवरोधमा उत्रनु जायज हैन ।

संसद्मा यतिबेला थुप्रै महत्त्वपूर्ण विषयहरू थाती रहेका छन् । देशभर बाढीपहिरोको समस्या छ । कैयौं जनताको धनजन क्षति भइरहेको छ । लम्पी स्किनका कारण पशुधनको क्षति बढ्दो छ । आँखा पाक्ने रोग र डेंगीले जनता त्रसित छन् । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवासको जग्गा प्रकरण र अहिलेको यो सुन प्रकरणमात्र होइन वर्षौंदेखि थाती रहेको संक्रमणकालीन न्याय निरूपणको ऐन संशोधनको विधेयक निर्माणको विषयलगायतका थुप्रै कुरा अहिले संसद्मा छलफल गर्नुपर्ने महत्त्वपूर्ण विषयहरू हुन् । विभिन्न अपराधजन्य घटनासँग जोडिएर आएर विविध काण्डमा ठूला नेताहरूको नाम जोडिएको अवस्थामा संसद् सञ्चालन हुन नदिएर विषयान्तर गर्न खोज्नु भित्रको रणनीतिक खेल किन भइरहेको छ । प्रतिनिधिसभाले काम थालेको सात महिना बितिसकेको छ । तर, बजेटबाहेक एउटा विधेयक पारित हुन सकेको छैन ।

संसद् जनताको सार्वभौम सत्ता सम्पन्न जनप्रतिनिधहरूको स्वतन्त्र संस्था हो । सबै विषयहरू संसद्मा छलफलमा आउनुपर्छ । संसद्मा नेकपा एमाले र उसको मन नपरेको माओवादी केन्द्रका सांसदहरू मात्र छैनन् । संसद्मा अन्य राजनीतिक दलहरू पनि छन् । कोही सरकारमा छन् त कोही प्रतिपक्षमै छन् । यसरी संसद् नै अवरोध गरेर जनताको सर्वोच्च आवाजलाई अवरोध गर्ने अधिकार एमालेलाई कसले दियो ? यो एमालेले गरेको गैरजिम्मेवार र अव्यावहारिक प्रकृतिको अराजनीतिक गतिविधि नभए के हो ? विगतमा पनि नेकपा एमालेले पटक-पटक संसद्लाई बन्धक बनाउने र संसद्लाई निर्मम प्रहार गर्ने प्रवृत्ति देखाएको छ । एमालेले अघिल्लो संसद्लाई दुई पटक विघटनको संघारमा पुऱ्याएको थियो ।

एमालेले गरेको संसद् विघटनकै परिणाम स्वरूप निर्वाचनमा माओवादी र नेपाली कांग्रेसको गठबन्धन बन्यो । निर्वाचनपछि पनि संसद्मा गठबन्धन दलहरूको सरकार सञ्चालनमा छ । अहिले सरकारले ठूला-ठूला भनिएका अपराधका फाइलहरू क्रमशः खुला गरेर छानबिन अगाडि बढाएको छ । कतिपय राजनीतिक नेताहरू समेत प्रहरी हिरासतमा छन् । कतिपय नेताहरूको नाम मुछिएर छानबिनको दायरामा छन् । यस्तो अवस्थामा एमालेले फेरि पनि संसद्लाई अवरोध पुऱ्याएर गठबन्धनलाई चुनौती दिइरहेको छ । संसदीय अभ्यासलाई कमजोर बनाइरहेको छ ।

फौजदारी प्रकृतिका घटनाहरूलाई ऐन र संविधानले तोकेका अंगहरूले नै छानबिन र कारबाही गर्नुपर्छ । छानबिन समिति बनाउने हो भने राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, अख्तियारदेखि न्यायिक तथा अर्धन्यायिक निकाय किन चाहियो ? के राज्यका संयन्त्रहरूमा एमालेको विश्वास नभएकै हो ? विश्वास छैन भने ऐन कानुन संशोधन गर्ने विधेयक ल्याउनुपऱ्यो । त्यो पनि संसद्मा आवाज उठाउनुपर्छ । एमालेले पनि पटक-पटक सत्ताको नेतृत्व गरेको हो, सुनदेखि ललिता निवास र अन्य विविध काण्डहरू उसले किन देखेन ? अहिले सरकारले सुन समातेको छ, छानबिन गरिरहेको छ तर एमालेले यसलाई राजनीति गरिरहेको छ ।

संसद् सार्वभौम नेपाली जनताको थलो हो । संसद्मा आमनेपालीका मुद्दा उठ्न पाउनुपर्छ । एमालेले सुन प्रकरणलाई निहुँ बनाएर अव्यावहारिक राजनीतिकरणलाई छोडेर संसद्मा यस्ता विषयहरू उठान गरोस्, गृहमन्त्री, अर्थमन्त्री वा प्रधानमन्त्रीलाई उभ्याएर जवाफ मागोस् । राज्यको निकायले गरेको छनबिनमा उसले अविश्वास प्रकट गर्नुको मुख्य कारण के हो ? यदि उसले कोही दोषी चिनेको छ भने पनि संसद्मै सार्वजनिक गरोस् तर जनताको संसद्लाई बन्धक बनाउने काम अविलम्ब बन्द गरोस् ।

## पत्र-मञ्जुषा

### २० वर्षे सवारीसाधन नहटाउन चलखेल

गत असार ८ गते यातायात व्यवसायीहरूले २० वर्षे सवारीसाधन हटाउन नहुने भन्दै उच्च र सर्वोच्च अदालतमा रिट दायर गरे । दुवै अदालतले संघीय सरकार तथा प्रदेश सरकारलाई २० वर्षे सवारीसाधन हटाउनुको कारण माग्यो । संघीय र प्रदेश सरकारले अदालतलाई त्यसको जवाफ पठाएको एक महिना बितिसकेको छ ।

तर, अहिलेसम्म पनि उच्च र सर्वोच्च अदालतले सो मुद्दाको फैसला गरेको छैन । बागमती प्रदेश सरकारले गत जेठ ७ गते एक सूचना जारी गर्दै ३५ दिनभित्र २० वर्ष पुगेका सवारीसाधन पत्रु गराउन निर्देशन दिएको थियो । असार १२ गते ३५ दिन पुग्थ्यो ।

यसरी ३५ दिनभित्र ट्राफिक प्रहरीले २० वर्ष पुगेका सवारीसाधन पक्राउ गर्ने भएपछि यातायात व्यवसायीहरूले असार ८ गते उच्च र सर्वोच्चमा त्यसविरुद्ध रिट दायर गरे । रिट दायर गरेपछि अदालतले हालका लागि सो सूचना कार्यान्वयन नगर्न नगराउन आदेश दियो ।

सरकारले २० वर्षे सवारीसाधन नहटाउँदा दुर्घटना दिनानु बढेको छ । आम सर्वसाधारणले आफ्नो ज्यान गुमाइरहेका छन् । ट्राफिक व्यवस्थापनमा गम्भीर असर पुगेको छ । सहर अस्तव्यस्त बनेको प्रदूषण बढेको छ । पछिल्लो समय बाटोमा २०५१ सालमा दर्ता भएको ग्यास टचाम्पोसमेत यात्रु बोकेर गुडिरहेको छ ।

त्यस्तै, २०५७ साल जेठ १७ गते अगाडि दर्ता भएका टचाक्सी, २०५६ सालमा आएको हरियो तथा डिजेलबाट सञ्चालित माइक्रो बस तथा २०५८ सालमा आएको बस र ढुवानी गाडी पनि बाटोमा गुडिरहेका छन् ।

यसरी दर्ता भएको मितिले २२ देखि ३० वर्षसम्म पुगेका सवारीसाधनहरू बाटोमा गुडिरहेका छन् । यीनै सवारीसाधनका कारण दिनानु दिन आमसर्वसाधारण आफ्नो ज्यान गुमाउन बाध्य भएका छन् । ट्राफिक जाम अस्तव्यस्त भएको छ भने सहरको सुन्दरतामा गिरावट आएको छ ।

२०७१ भदौ १९ गतेको मन्त्रिपरिषद्को बैठकले देशैभरिबाट २० वर्ष पुगेका सवारीसाधन विस्थापित गर्ने निर्णय गऱ्यो । यो २०७१ फागुन १८ गते राजपत्रमा प्रकाशित गरियो । र, २०७२ चैत १ गतेको मन्त्रिपरिषद्को बैठकले २० वर्ष पुगेका निजी तथा भाडाका सवारीसाधन हटाउने निर्णय गरियो ।

यस्ता सवारीसाधन बागमती प्रदेशबाट २०७३ फागुन १७ गतेबाट र देशैभरबाट २०७४ चैत १ गतेबाट हटाउने भनियो । २०७७ माघ महिनामा संघीय यातायात मन्त्रालयले २० वर्ष पुगेका सवारीसाधन पत्रु गर्ने निर्णय गऱ्यो । २०१० सालदेखि २०८० सालसम्म यातायात क्षेत्रमा एउटै व्यवसायीको रजगज चलिआएको छ । उनीहरू २० वर्ष पुगेका सवारीसाधनको स्क्राइभ गरेको नम्बरप्लेटमा नयाँ सवारीसाधन किनेर दर्ता गरी चलाउँछन् । अहिले नै ५० वर्ष एउटै व्यवसायीले व्यवसाय गरिसकेका छन् ।

अर्को २० वर्ष थप्दा एउटै व्यवसायीले ७० वर्ष व्यवसाय गर्छन् । यसरी ७० वर्षसम्म जनसंख्या बढेर कहाँ पुग्दासमेत भाडाका गाडीको संख्या बढ्दैन । २०३० सालमा ३५ सय जर्मनी मिनी बस आए । त्यो गाडी दुई लाख रूपैयाँमा किनियो । २०५८ सालसम्म आफैंले चलाएर वा भाडामा लगाएर करोड बढी कमाए ।

त्यसपछि त्यो गाडीको सट्टामा बस, जम्बो हाइस बस र माइक्रो बस दर्ता गरे । २०४३ सालमा ६६१ वटा विक्रम टचाम्पो आए । मिटरजडान टुस्टक टचाम्पो १७ सय दर्ता भएका थिए । त्यसैबेला ढुवानी गाडी ३५० वटा दर्ता भएका थिए । त्यस्तै, पेट्रोलबाट सञ्चालित क्युवाला टचाम्पो दुई हजार दर्ता भएका थिए ।

सरकारले गरेको पुराना गाडी हटाउने निर्णय कार्यान्वयनमा नआउँदा यसको मार आमनागरिकले व्यहोर्नुपरिरहेको छ। अर्कातिर टचाक्सीको रोडपर्मिट उपत्यकाभित्र मात्र हुँदा बाहिरी जिल्लाका जनता टचाक्सी चढ्नबाट वञ्चित भएका छन् । आफ्ना परेको बेलामा वा बिरामी भएको समयमा गाडी नपाएर उनीहरू निजी प्लेटको सवारीसाधनलाई महँगो भाडा लिएर यात्रा गर्न बाध्य भएका छन् ।

यातायात व्यवसायीहरू कहिल्यै सरकारको घुडा टेकाउँछन् त कहिल्यै अदालतलाई आफ्नो मुठीमा लिन्छन् । त्यसैले, अब सरकार झुक्नुहुन्न । अदालतले पनि जनताको हितमा हुने गरी २० वर्ष पुगेका सवारीसाधन हटाउनुपर्छ भनेर फैसला गर्नुपर्छ । यो निर्णय छिटोभन्दा छिटो गरेमा जनता र राष्ट्रलाई धेरै फाइदा हुन्छ ।

*-रूषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बाढीग्रस्त कागबेनी तीन दिनदेखि अन्धकारमा

**ढोरपाटन (बागलुङ)–** मुस्ताङको बाढीग्रस्त क्षेत्र बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ कागबेनीमा तीन दिनदेखि विद्युत् अवरुद्ध भएको छ । विद्युत् अवरुद्ध हुँदा स्थानीय अन्धकारमा रात बिताउन बाध्य भएका छन् ।

आइतबार राति आएको बाढीले खोला किनारमा रहेका दर्जनभन्दा बढी पोल बगाउँदा विद्युत् अवरुद्ध भएको हो । बाढीले विद्युत्का पोलसँगै तार पनि बगाएकाले विद्युत् सञ्चालनका लागि पोल र तार मर्मतको काम भइरहेको प्रमुख जिल्ला अधिकारी अनुप केसीले जानकारी दिए । बाढीले पोल र तारमा क्षति पुऱ्याएकाले मर्मतका लागि अझै केही दिन लाग्ने उनले बताए । उनका अनुसार यस क्षेत्रमा विद्युत् वितरणको काम निलगिरी उपभोक्ता सहकारीले गर्दै आएको छ ।

'अहिले विद्युत् पूर्णरूपमा अवरुद्ध छ । सञ्चालनका लागि सहकारीले कामदार खटाएर मर्मतको काम गरिरहेको छ,' प्रजिअ केसीले भने, 'उपभोक्ता सहकारीलाई भोलिका दिनमा कुनै दुर्घटना नहुनेगरी प्रभावकारी रूपमा काम गर्न निर्देशन दिएका छौं । उहाँहरूले अस्तीदेखि नै पोल र तार मर्मतको काम गरिरहनुभएको हो ।'

विद्युत् अवरुद्ध हुँदा कागबेनीका सयौं नागरिक अन्धकारमा बस्न बाध्य भएको धावा दोर्जे गुरुङले बताए । 'अहिले बाढीपीडित कोही आफन्तकोमा आश्रय लिएर त कोही सुरक्षित स्थानमा अस्थायी गोठ बनाएर बसेका छन्,' उनले भने, 'विद्युत् फोन सम्पर्क गर्न पनि समस्या भइरहेको छ ।'

बाढीले कागबेनीका २९ घर बगाएको र १३ घरमा आंशिक क्षति भएको प्रजिअ केसीले जानकारी दिए । उनका अनुसार बाढीले चारपांग्रे सवारी दुई, मोटरसाइकल ३०, पशुचौपाया २५, एउटा पक्की मोटरेबल पुल, तीन काठेपुल, प्रभु बैंकको घर बगाएको थियो भने जनशान्ति माध्यमिक विद्यालयमा आंशिक क्षति पुऱ्याएको छ । *रासस*

# बेनी–जोमसोम अवरूद्ध सडक १२ दिनपछि खुल्यो

**म्याग्दी (प्रस)–** मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडकअन्तर्गत म्याग्दीको रघुगंगा गाउँपालिका–२ र ३ को सिमानामा पर्ने बैसरी अँधेरीखोला क्षेत्रमा अवरुद्ध सडक १२ दिनपछि सञ्चालनमा आएको छ । सडकमाथिबाट पहिरो खसेका कारण बैसरी अँधेरीखोलामा आवरुद्ध भएको ७६ किलोमिटर दूरीको उक्त सडक बुधबार बिहान १० बजेदेखि सञ्चालनमा आएको बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ ।

आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले पानी व्यवस्थापनका साथै थुप्रिएको पहिरो हटाएर यातायात सञ्चालन गरिएको जानकारी दिए । 'सडक खुलेपछि रोकिएका सवारीसाधन गन्तव्यतर्फ लागेका छन्,' उनले भने, 'मौसममा सुधार आएपछि सडक मर्मत र पहिरो पन्छाउने काम गर्न सकियो ।'

'डोजरको सहायताले छरिएको पानीको स्रोतलाई एकीकृत गरी खोला बगाएर झारिरहेका छौं,' बेनी जोमसोम कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले भने, 'करिब २०० मिटर लामो पहिरो यसरी नै बगायो । माटो जति पानीले बगाउने र खस्न सक्ने ढुंगा डोजर लगाएर खसालेका छौं । अडिन सक्नेलाई चलाएको छैन । गेगर बगाएपछि पहिरो खस्ने ठाउँमा चट्टान भेटिएको छ ।'

भूमिगत पानीका कारण सिर्जना भएको पहिरो रोकथामका लागि आयोजनाले नयाँ अभ्यास गरेको उनले जानकारी दिए ।

पहिरो व्यवस्थापन गर्न प्रयोग भएको खोल्साको पानीलाई पाइपमार्फत सुरक्षितरूपमा खोल्साबाट बगाइएको छ । पहिरो पन्छाउनका लागि साउन २८ गतेदेखि ३२ गतेसम्म बेनी–जोमसोम सडकको घुमाउनेताल–बेगखोला खण्डमा पूर्णरूपमा यातायात बन्द गरिएको थियो । बैसरीको पहिरोले सडक अवरुद्ध हुँदा म्याग्दीको रघुगंगा, अन्नपूर्ण गाउँपालिका र मुस्ताङका बासिन्दाका साथै पर्यटक र तीर्थयात्रीलाई आवतजावत गर्न समस्या भएको थियो ।

बेनीदेखि पोखरेबगरतर्फ जाँदै गरेको ग १ ज ६८२० नम्बरको जिप गुडिरहेको अवस्थामा पहिरोमा परेर चालक अन्नपूर्ण गाउँपालिका–७ महभिरका ४० वर्षीय लुकजन शेरपुजा घाइते भएका थिए । पहिरोले पुरेको जिप निकालिएको छ । सवारीधनीसमेत रहेका शेर पुञ्जाको अहिले पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

# सुदूरपश्चिम विश्वविद्यालमा एक महिनादेखि तालाबन्दी

**दोधारा चाँदनी (कञ्चनपुर)–** सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय कार्यालयमा एक महिनादेखि तालाबन्दी हुँदा दैनिक कामकाज प्रभावित भएको छ ।

राप्रपानिकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनले पदाधिकारी र प्राध्यापक नियुक्तिमा राजनीतिक भागबण्डा अन्त्य गर्नुपर्ने माग राख्दै विश्वविद्यालयको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेपछि विश्वविद्यालयको कामकाज प्रभावित बनेको छ ।

केन्द्रीय कार्यालयमा तालाबन्दी भएपछि विश्वविद्यालयको दैनिक कामकाज प्रभावित बनेको विश्वविद्यालयका सूचना अधिकारी सन्तोष विष्टले जानकारी दिए । 'साउन १ गतेदेखि विश्वविद्यालयको केन्द्रीय कार्यालयमा तालाबन्दी हुँदा कार्यालयको नियमित कामकाज ठप्प छ,' उनले भने, 'अनेरास्ववियुले लगाएको ताला खुले पनि राप्रपा निकट विद्यार्थी संगठनले लगाएको ताला खुल्न सकेको छैन ।'

राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसका अध्यक्ष प्रेम रावलले राजनीतिक भागबण्डा अन्त्य नभएसम्म विश्वविद्यालयको ताला नखोल्ने बताए । 'पदाधिकारी र प्राध्यापकको भागबण्डा अन्त्य हुनुपर्छ भन्ने हाम्रो माग हो,' उनले भने, 'दुई चरणमा विश्वविद्यालयका पदाधिकारीसँग छलफल भए पनि निष्कर्षमा पुग्न सकिएको छैन ।'

यसअघि एमालेनिकट अनेरास्ववियुले पनि केन्द्रीय कार्यालयमा तालाबन्दी गरेको थियो । विश्वविद्यालयका पदाधिकारीसँगको छलफलमा सहमति भएपछि अनेरास्ववियुले ताला खोलेको छ भने राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनले राजनीतिक भागबण्डा अन्त्यको अडान राख्दै तालाबन्दी गरेको छ । केन्द्रीय कार्यालयमा भएको तालाबन्दीले विश्वविद्यालयको दैनिक कामकाज एक महिनादेखि ठप्प छ । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No.288940 | चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३ गते (20th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AKASIYA HOTEL

पूर्व स्वीकृति मिति २०७९/११/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 282657 | चलानी नं. ६०१९८०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Presser Gen | 1 | 0 | 2100 | ७५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 3 | Marketing Represent | 1 | 0 | 2500 | ८९,८१५ | | | | | | | |
| 4 | Gril Chick Maker | 1 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 5 | Confectioner | 1 | 1 | 2100 | ७५,४४५ | | | | | | | |
| 6 | Waiter | 7 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 7 | Gen Clean Worker | 6 | 0 | 1000 | ३५,९२५ | | | | | | | |
| 8 | Messenger | 4 | 0 | 1200 | ७५,४४५ | | | | | | | |
| 9 | Customer Service | 3 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 10 | Reservation Office | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 11 | Services Employee | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 12 | Labourer | 7 | 0 | 1000 | ३५,९२५ | | | | | | | |

कम्पनी : LIBERTY SUITES

पूर्व स्वीकृति मिति २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 271703 | चलानी नं. ६०१८७४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 3 | 0 | 1000 | ३६,७४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Guard | 2 | 0 | 1500 | ५१,४४० | | | | | | | |
| 3 | MaintTechnician | 2 | 0 | 1800 | ६४,६६५ | | | | | | | |

कम्पनी : UNITED CELL PEST CONTROL EST

पूर्व स्वीकृति मिति २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 284624 | चलानी नं. ६०१९९९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pest Control Labour | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT

पूर्व स्वीकृति मिति : २०७९/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/३१ | LT. No. 268801 | चलानी नं.६०१८४५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No 288287 | चलानी नं. ६०२०३५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEYSEER SERVICES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/३० | LT. No. 291022 | चलानी नं. ६०२०६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clerical | 1 | 0 | 2100 | ७७,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 4 | 0 | 1500 | ५५,११५ | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1900 | ६९,८१५ | | | | | | | |
| 4 | Labour | 10 | 0 | 1000 | ३६,७४५ | | | | | | | |
| 5 | Supervisior | 2 | 0 | 2500 | ९१,८६५ | | | | | | | |
| 6 | Technician | 5 | 0 | 1100 | ४०,४२० | | | | | | | |
| 7 | Waiter | 4 | 0 | 1400 | ५१,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 291022 मिति: २०८०/०४/३१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835,9863194832,9863194834, 9863194839
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAP TECH GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT No : 281246 | चलानी नं. ६०१९६७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bob Cat Loader/loader | 1 | 0 | 160 | ६९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Driver / Truck Driver / Driver | 8 | 0 | 150 | ६४,९१५ | | | | | | | |
| 3 | Gcp Operator /operator | 2 | 0 | 160 | ६९,२४० | | | | | | | |
| 4 | Office Boy/tea Boy / Labour/helper | 1 | 0 | 100 | ४३,२७५ | | | | | | | |
| 5 | Security Guard | 4 | 0 | 130 | ५६,२६० | | | | | | | |
| 6 | Worker/gardner/labour (Indoor) | 100 | 0 | 85 | ३६,७८५ | | | | | | | |

कम्पनी : AM ALLOY INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 268880 | चलानी नं.६०१८५६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 40 | 5 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YEW LEAN FOUNDRY & CO. SB

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 284844 | चलानी नं.६०२००२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAZEED TRANSPORT AND CAR TOWING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 275346 | चलानी नं. ६०१९०९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 6 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक




## एक्सन दृश्यबाट 'दान्भी'को छायांकन सुरू

फिल्म 'दान्भी'को छायांकन सुरू भएको छ । निर्माण युनिटले काठमाडौँको नैकापमा सेट बनाएर एक्सनको दृश्यबाट फिलमको छायांकन सुरू गरेको हो । क्लाइमेक्समा रहने एक्सनका दृश्य अभिनेत्री पूजा शर्माले अभिनय गरिरहेकी छन् । पूजाको एक्सनको दृश्यबाट फिल्मको छायांकन सुरू भएको निर्देशक रूपेश तामाङ्ले जानकारी दिए । फिल्ममा श्री श्रेष्ठले एक्सन निर्देशन गरिरहेका छन् । हरि लामा घलेको छायांकन रहेको फिल्ममा फिल्ममा कथा रविना थापा मगरको छ भने पटकथा तथा संवाद संजोग रानाको छ । फिल्ममा अर्जुन पोखरेलेको संगीत, कविराज गहतराजको कोरियोग्राफी छ ।







# 'नागरिकमा हुनुपर्ने राजनीतिक चेतना छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री स्वस्तिमा खड्काले अभिनय गर्नुभएको चलचित्र 'ऐँचो पैँचो' राजनीतिक पृष्ठभूमिमा तयार गरिएको छ । उनले यस चलचित्रमा राजनीतिज्ञको भूमिका निर्वाह गरेकी छिन् ।

राजनीतिलाई पेसा बनाउनेप्रति व्यंग्य गर्ने प्रवृत्ति रहेको भन्दै खड्काले चलचित्रले उठाएको विषयवस्तु समाजसँग जोडिएको बताइन् । उनले भनिन्, 'एउटा आम नागरिकले राजनीतिबारे राख्नुपर्ने ज्ञान मसँग छ । कलेज जीवनमा नै यसलाई नजिकबाट नियालेकाले यससम्बन्धी केही ज्ञान छ ।' उनले आफू कुनै पार्टीको विचारसँग नभई केही व्यक्तिसँग प्रभावित रहेको बताइन् । सामाजिक विषयको चलचित्रमा देखिँदै आएकी अभिनेत्री खड्काले आफू अभिनित चलचित्र 'ऐँचो पैँचो' पूर्णरूपमा व्यावसायिक रहेको बताइन् ।

आफूले अभिनय गरिरहेका चलचित्र एकै विधाका भएकाले यसपटक दर्शकले फरकरूपमा पाउने उनको भनाइ थियो । अभिनेत्री खड्काले भनिन्, 'मैले कलाकात्मक चलचित्रमा केही समय अभिनय गरेँ । यो पूर्णरूपमा व्यावसायिक हो । त्यसैले यो मेरा लागि महत्वपूर्ण छ ।'

निर्देशक कृषा चौलागाईंले आफ्नो लगावका कारण चलचित्र निर्देशन यात्रा सुरु गरेको बताइन् । उनले भनिन्, 'म यो क्षेत्रमा सानै उमेरदेखि निर्मात्रीका रूपमा जोडिए । त्यसपछि केही छोटा चलचित्र र विज्ञापनमा काम गरेको अनुभवका आधारमा निर्देशन गरेकी हुँ । यो म एक्लोभन्दा पनि सम्पूर्ण समूहकै प्रयासले सफल भएको हो ।'

केपी फिल्मस्को ब्यानरमा निर्माण भएको उक्त चलचित्रमा कोसिस क्षेत्री, सुशील सिटौला, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रवीन्द्र झा, सरिता गिरी, विशाल पहारीलगायत कलाकारले अभिनय गरेका छन् ।

यसमा अभिमन्यू निरवीले कथा, पुरुषोत्तम प्रधानले छांयाङ्कन, कविराज गहतराजले नृत्य निर्देशन, सुजिल कर्माचार्यले पार्श्व संगीत, रेनिश फागोले रंग संयोजन, विपिन मल्ल र भूपेन्द्र अधिकारीले सम्पादन गरेका छन् ।

# 'जुलेबीले अर्गानिक कन्टेन्ट भन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता सुशिल सिटौलाको केही दिनयता व्यस्तता बढेको छ । फिल्म 'जुलेबी' आगामी शुक्रबारबाट प्रदर्शनमा आउने भएपछि उनी यसैको प्रचार प्रसारमा व्यस्त भएका हुन् । फिल्मले आफ्नो अभिनय करियरमा एउटा इट्टा थप्ने उनले विश्वास लिएका छन् ।

"जुलेबी' एउटा आशालाग्दो कथामा निर्माण भएको छ,' फिल्म प्रचारको क्रममा रातोपाटीसँग ठोकिएका सुशीलले भने 'कथा अर्गानिक र काठमाडौंकै हो । त्यसैले दर्शकको रोजाइमा पर्छ भन्ने लाग्छ ।' फिल्मले रत्नपार्कका यौनकर्मीको कथा उठाएको उनले सुनाए ।

सुशिल राम्रो अभिनय गर्ने कलाकारमा पर्छन् । त्यसैले थोरै फिल्म अभिनय गरेपछि दर्शकमा उनको राम्रो छाप छ । फिल्म 'जुलेबी'बाट पनि त्यो छाप कायम अझै रहेन उनी बताउँछन् ।

फिल्ममा उनले डोटीबाट काठमाडौं आएको 'छमान' नामक पात्रको भूमिका निर्वाह गरेका छन् । 'रत्नपार्कमा भिडभाड देख्छौं । कसैले कसैलाई चिन्दैनौं । त्यही रत्नपार्क हुँदै ओहोरदोहोर गर्ने, बागबजारमा काम गर्ने एक केटा छमानको भूमिका मेरो छ' सुशीलले फिल्मको भूमिका राखे ।

'जुलेबी'मा मेरो अहिलेसम्मकै फरक क्यारेक्टर छ,' उनले भने 'नेपाली फिल्ममा मलाई अहिलेसम्म नदेख्नु भएको क्यारेक्टर यसमा देख्नुहुनेछ ।' फिल्मको छायांकन काठमाडौंका विभिन्न स्थानमा गरिएको हो । सुशिल ' होस्टेल रिटर्नस'बाट अभिनयमा डेब्यु गरेका हुन् । पहिलो फिल्म नै हिट दिएका उनको त्यसपछि केही फिल्म आयो । हरेक फिल्ममा फरकफरक क्यारेक्टर निर्वाह गर्दै आएका उनी हरेक फिल्ममा फरक भूमिका निर्वाह गर्दा चुनौती र मनोरञ्जन दुबै मिल्ने बताउँछन् ।

'जुलेबी'मा सुशीलका अलावा सुरक्षा पन्त, उषा रजक, नीशा अधिकारी, पुस्कर कार्की, तुफान थापा, मोनिका थापा लगायतको अभिनय छ । फिल्म आभा नेपालले निर्माण गरेकी हुन् ।

# एक रातको कथामा 'महानगर'

**काठमाडौं–** नेपालसँगै विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी भइसकेको चलचित्र 'महानगर' (वान नाइट इन काठमाडौं) एक रातको कथामा आधारित छ । ३७ रात छायाङ्कन गरिएको चलचित्रमा महानगर भित्रिनेको सपना र यथार्थलाई दुई चरित्रमार्फत प्रस्तुत गरिएको छ । सानो घटनाका कारणसँगै भएका दुई चरित्रको जीवनमा एक रातले ल्याएको परिवर्तनलाई चलचित्रमा उतारिएको लेखक तथा निर्देशक मोहन राईले जानकारी दिए ।

उनले भने, 'विभिन्न सपना बोकेर महानगर भित्रिने युवाको सपना र यथार्थलाई देखाउने कोसिस गरेका छौं । यहाँ बाहिरिया भएर बाँच्नु र सङ्घर्ष गर्नुको मेरो आफ्नै भोगाइ छ । मेरो यही अनुभव र भोगाइलाई क्यामरामार्फत पर्दामा उतारुँ भन्ने सोचले चलचित्र तयार गरेँ । खासमा यो 'ह्युमन कनेक्सन' र 'होप' बारेको चलचित्र हो ।'

निर्देशक राईले उच्च शिक्षा हासिल गर्न तराईदेखि काठमाडौं आएपछि जीवनशैली सोचभन्दा भिन्न तरिकाले अगाडि बढेको केही भोगाइलाई चलचित्रमा समावेश गरिएको बताए ।

'महानगरमा मेरा आफन्त थिएँ । तर समय अभावका कारण उहाँमार्फत मार्गदर्शन नपाउँदा सपनाको सहरमा बस्नसमेत सकस भएको भयो किनकी हामीले बाहिरबाट महानगरलाई बुझ्न सक्दैनौं । यस्तोमा दोष कसैको छैन किनकी यहाँ सबैको जीवन आफ्नै गतिमा अगाडि बढिरहेको छ,' निर्देशक राईले भने, 'भौतिकरूपमा प्रगति हुँदै गर्दा देखिने दुई विभाजनलाई खुसी र आशिषको पात्रमार्फत व्यक्त गर्ने कोसिस गरेको छु । खुसी आफूलाई परिवर्तन गर्न सक्दिनन् भने आशिष सहरले उब्जाएको रहरमा आफूलाई भुलिसकेको छ । उनीहरूको एक रातको भेटको कथा चलचित्रमा छ ।'

चलचित्रमा खुसीको भूमिका निर्वाह गरेकी अभिनेत्री मेनुका प्रधानले रातको सुन्दरतालाई बुझ्न पाएको बताइन् । उनले भनिन्, 'हामीले रातको दृश्यलाई सोही समयमा छायाङ्कन गरेका हौं । रातभर छायाङ्कन गर्ने र दिनभर सुत्ने भएका थियौं । यसले मलाई रातको संसारसँग परिचित गरायो ।'

उनले पात्रका केही स्वभाव आफूसँग मिल्ने भए पनि पूर्णरूपमा अलग रहेको जानकारी दिइन् । उनले भनिन्, 'खुसीमार्फत समाजलाई गहनरूपमा बुझ्ने मौका पाएँ ।' चलचित्रमा अनोज पाण्डे, सोविता अधिकारी, जीवन बराल, परीक्षित विक्रम राणा, चन्द्र पाण्डे, राज पौडेललगायत कलाकारले अभिनय गरेका छन् ।

चलचित्रमा नरेन्द्र मैनालीले छायाङ्कन, परीक्षित झाले सम्पादन, किशोर आर्चायले ध्वनि सम्पादन तथा पुष्पा संगमले संगीत सिर्जना गरेका छन् । चलचित्रले विभिन्न महोत्सवमा सहभागी भएर 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' मा उत्कृष्ट चलचित्र, उत्कृष्ट पटकथा, अभिनय तथा निर्देशनलगायतका विधामा अवार्ड जितेको थियो । *रासस*



**एएफसी कप छनोट**

# दोस्रो चरणमा मोहन बगानसँग मच्छिन्द्र पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी कप छनोट प्रतियोगिताको दोस्रो चरणको खेलमा नेपालको मच्छिन्द्र फुटबल क्लब बलियो प्रतिद्वन्द्वी भारतको इन्डियन सुपर लिग क्लब मोहन बगानसँग पराजित भएको छ । मोहन बगानले बुधबार घरेलु मैदानमा मच्छिन्द्रलाई ३–१ गोलले हरायो ।

दोस्रो पटक एएफसी कप छनोट प्रतियोगिता खेलेको मच्छिन्द्र क्लब आफ्नो पहिलो प्रयासमा पहिलो चरणबाटै बाहिरिएको थियो । मछिन्द्रले गत वर्ष पनि एएफसी कप छनोट प्रतियोगिताको प्रारम्भिक चरणको खेल खेलेको थियो । त्यतिबेला मच्छिन्द्र क्लब श्रीलंकाली क्लब ब्लु स्टारसँग पराजित भएको थियो ।

यस पटक भने मच्छिन्द्र क्लब दोस्रो चरणसम्म पुग्यो । यस पटक मच्छिन्द्र प्रारम्भिक चरणको खेलमा भुटानी लिग च्याम्पियन पारो फुटबल क्लबलाई ३-२ गोलले हराउँदै दोस्रो चरणमा पुगेको हो । मच्छिन्द्र र पारोबीचको खेल अघिल्लो मंगलबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा खेलिएको थियो ।

मच्छिन्द्र नेपालको 'ए' डिभिजन लिगको उपविजेता क्लब हो । सहिद स्मारक 'ए' डिभिजन लिगको उपाधि भने चर्च ब्वाइज क्लबले जितेको थियो । तर, चर्च ब्वाइज क्लबसँग एएफसी क्लब लाइसेन्स नभएकाले मच्छिन्द्रले लगातार दोस्रो पटक एएफसी कप खेल्ने अवसर पाएको हो । मोहन बगान भने भारतको सुपर लिग च्याम्पियन क्लब हो ।

बुधबार भारतको कोलकातास्थित साल्ट लेक स्टेडियममा भएको खेलमा मोहन बगानका लागि अनवर अलीले दुई गोल गरे । उनले निर्धारित समयको ३८औं र ८६औं मिनेटमा गोल गरेका थिए । मोहन बगानका लागि अर्को एक गोल ५९औं मिनेटमा जासन कुमिङ्सले गरेका थिए । मच्छिन्द्रका लागि भने एकमात्र गोल निर्धारित समयको ७८औं मिनेटमा मेसुके ओलुमोउले गरेका थिए ।

जितसँगै मोहन बगानले प्लेअफमा स्थान बनाएको छ । मोहन बगानले बंगलादेशको ढाका अव्हानी र माल्दिभ्सको इगल्सबीचको खेलको विजेतासँग अगस्ट २२ तारिखमा प्लेअफ खेल्ने छ । उक्त खेलको विजेतालेसाउथ जोनबाट एएफसी कपको समूहगत चरणमा स्थान बनाउने छ ।

# उपप्रधानमन्त्री श्रेष्ठबाट तेक्वान्दो टोलीलाई बिदाइ

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले वर्ल्ड तेक्वान्दो प्रतियोगितामा भाग लिन जाने नेपाली खेलाडीलाई सफलताको शुभकामना दिएका छन् ।

बुधबार गृह मन्त्रालयमा आयोजित कार्यक्रममा उनले आगामी भदौ १ देखि १० गतेसम्म काजकिस्तानको अस्तानामा हुने प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई शुभकामना दिएका हुन् ।

उक्त प्रतियोगितामा विभिन्न तौल समूहमा चार खेलाडी सहभागी हुँदैछन् । ९३ देशका नौ सय बढी खेलाडी उक्त प्रतियोगितामा सहभागी हुने बताइएको छ । प्रतियोगितामा रुविका खड्का (तौल समूह ४७), सुस्मिता थापा (५२), पुकार केसी (६४) र अजय बुढामगर (तौल समूह ७०) मा सहभागी हुँदैछन् । नेपाली टोलीमा अम्पायर अन्जन धमला, कोच रूपसिंह मोक्तान तथा अफिसियल धनबहादुर थापा र विक्रम बुढामगर सहभागी हुने बताइएको छ ।

सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले खेलाडी राष्ट्रको गौरव भएको र खेलकुद क्षेत्रले राष्ट्रिय एकताको सन्देश दिने बताए । सरकारले आवश्यक नीति र योजना बनाएर खेल क्षेत्रलाई विशेष प्राथमिकता दिने उनको भनाइ छ ।

# मलेसिया जाने महिला क्रिकेट टोलीको बिदाइ

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले आइसिसी ट्वान्टी-२० महिला विश्वकपको एशिया क्वालिफायरको तयारीका लागि मलेसियामा जाने नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीको बिदाइ गरेको छ ।

नेपालले ट्वान्टी-२० विश्वकपको छनोट यात्राका लागि मलेसियामा चार राष्ट्र सम्मिलित ट्वान्टी-२० श्रृंखला खेल्दैछ । सोही श्रृंखला खेल्ने जाने नेपाली टोलीको बुधवार मुलपानीस्थित नेपाल क्रिकेट संघ (क्यान) को कार्यलयमा बिदाइ गरिएको हो । उनीहरूलाई क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठक र कोषाध्यक्ष रोशनबहादुर सिंहले बिदाइ गरेका थिए । नेपालले आगामी अगस्ट ३१ देखि सेप्टेम्बर ९ सम्म मलेसियामा आइसिसी ट्वान्टी-२० महिला विश्वकपको एशिया क्वालिफायर खेल्दैछ ।

सोही छनोटको तयारीका लागि नेपाली महिला टोलीले मलेसियामा श्रृंखला खेल्न लागेको हो । नेपालले घरेलु टोली मलेसियासहित कुवेत र हङकङसँग श्रृंखलामा प्रतिष्पर्धा गर्नेछन् । उक्त श्रृंखला आगामी अगस्ट २२ देखि २६ सम्म वायुमास ओभलमा हुनेछ । पाँच दिन चल्ने श्रृंखलाको शीर्ष स्थानमा रहने टोलीले फाइनल खेल्नेछन् । बाँकी दुई टोलीले तेस्रो स्थानको लागि खेल्ने तालिका छ । नेपालले पहिलो खेल अगस्ट २२ मा हङकङ र दोस्रो खेल अगस्ट २३ मा कुवेतसँग खेल्नेछ ।

नेपालले एक दिनको विश्रामपछि अगस्ट २५ मा घरेलु टोली मलेसियाको सामना गर्ने तालिका छ । फाइनल खेल अगस्ट २६ मा हुनेछ । क्यानले ट्वान्टी-२० विश्वकपको एशिया क्वालिफायरका लागि रुबिना क्षेत्रीको कप्तानीमा १४ सदस्यीय नेपाली टोली घोषणा गरेको थियो ।

भारतीय प्रशिक्षक देविका दिलिप पल्सिकरको प्रशिक्षणमा रहेको प्रारम्भिक टोलीबाट गत बिहीवार मात्रै रुविनाको नेपाली टोली घोषणा गरिएको हो । खुशी डंगोल, रुवि पोदार र पूजा महतोले पहिलोपटक राष्ट्रिय टोलीमा स्थान बनाएका छन् ।

रुबिनाको कप्तानीमा रहेको नेपाली टोलीको अन्य सदस्यमा सीता रानामगर, इन्दु बर्मा, विन्दु रावल, कविता कुँवर, कविता जोशी, सम्झना खड्का, ईश्वरी बिष्ट, काजोल श्रेष्ठ, अप्सरी बेगम र अस्मिना कर्माचार्य छन् । बिदाइका अवसरमा नेपाली महिला क्रिकेट टोलीकी कप्तान रुविना क्षेत्रीले इन्डोर अभ्यासमा पनि राम्रो तयारी गरेको बताइन् । रुविनाले मलेसियामा अभ्याससँगै ट्वान्टी-२० श्रृंखला पनि खेल्ने भएकाले राम्रो तयारी पाउने र अहिले क्यानले ब्याटिङमा सुधार हुने गरी विदेशी प्रशिक्षक नियुक्त गरेकाले त्यसको फाइदा लिने विश्वास व्यक्त गरिन् ।

# हवाई टापुको डढेलोमा २०० भन्दा बढीले ज्यान गुमाएको अनुमान

**लहाइना–** हवाई टापुको माउई जंगलमा लागेको डढेलो बस्तीसम्म फैलिँदा १०६ जनाको मृत्यु भएको छ भने कयौं घाइते भएका छन् । हवाईका गभर्नर जोस ग्रीनले मृतकको संख्या दोब्बर वा तेब्बरले बढ्नसक्ने बताएका छन् ।

अघिल्लो मंगलबार वनबाट सल्केको डढेलोले लहाइनाका झण्डै १३ हजार घरमा क्षति भएको छ । बितेका १०० वर्षमा यति भीषण एवं भयावह अवस्था अमेरिकी जनताले गर्नुपरेको थिएन । विपत्तिको चेतावनी दिने 'इमर्जेन्सी साइरन' नबज्दा जनधनको व्यापक क्षति भएको जनसाधारण क्रुद्ध भएका छन् । अस्थायी मुर्दाघर वरपर मृतकका अस्थिपञ्जरको संकलन जारी छ ।

आगोले खरानी नपारेका भग्नावशेषमा मृतकको खोजी जारी छ । हरेक दिन १० देखि २० जनाको डढेको शरीर फेला पर्दै छ, त्यसैले मृतकको संख्या २०० भन्दा बढी हुनसक्ने अनुमान गरिएको खोजमा संलग्न एक जना अधिकारीले बताएका छन् ।

बाह्र हजार हवाईवासीको लहाइनामा आगोले सखाप नपारेको कुनै स्थान छैन । नगरको मध्यभागमा रहेको १५० वर्ष पुरानो वरको रुख डढेर कालो भएको छ भने सडक किनारमा लगाइएका अग्ला रुखका फल पनि डढेका छन् ।

डढेलोले हवाईका ग्रामीण क्षेत्रमा व्यापक क्षति भएको छ भने भवनहरू ध्वस्त भएका छन्, अस्पतालहरू भत्किएका छन् र सयौं विस्थापित भएका छन् । अधिकारीहरूले दुई हजार २०० भन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको बताएका छन् ।

लहाइनाका घर, पसल र व्यवसायको नामोनिशान छैन, सडक किनारमा राखिएका मोटरकार फलामका पातामा परिणत भएका छन्, टेलिफोनका खम्बा डढेर काला भएका छन्, पैदलयात्री मार्गको खरानी पन्साउँदै हिँड्नुपर्ने अवस्था छ, सबैतिर अग्निको विनास नै विनासमात्र देखिन्छ । डढेका पशुको दुर्गन्धले नाक छाप्दै सफाइ गर्नुपरेको छ । हवाई टापु शोकमा डुबेको छ ।

आगलागीबाट भएको क्षतिको पूर्णविवरण संकलन बाँकी छ । क्षति मूल्यांकन निकायका अधिकारीले परिस्थिति सहज हुनेबित्तिकै क्षतिको मूल्यांकन गरिने बताएका छन् । आगलागी भएको स्थानको सरसफाइमा वारुणयन्त्रका कर्मचारीले पनि साथ दिइरहेका छन् । केही स्थानमा क्षतिको आकलन पनि थालिएको छ ।

गभर्नर ग्रीन नेतृत्वको टोली बुधबार पनि आगलागी भएको स्थानमा पुगेको छ । सरसफाइका लागि जुटेकाहरूले तालिम प्राप्त कुकुरको सहायताले भग्नावशेषमा शवको पनि खोजी गरिरहेका छन् ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौंमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने १६० जनाले ज्यान गुमाएका थिए ।

त्यसपछि आपत्कालको सूचना दिन सहरबजारमा साइरन जडान गर्न थालियो तर यसपटक वनबाट फैलिएको आगोले माउईलाई जलाउँदा ती साइरन किन बजेनन् भन्ने प्रश्नको उत्तर हवाईका जनताले खोजिरहेका छन् ।

आगोमा ज्यान गुमाएकाहरूको डिएनए परीक्षण गरी परिवारलाई बुझाउन चुनौतीपूर्ण बनेको छ । चिकित्सकहरूले मासुको टुक्रा परीक्षणका निम्ति उठाउँदा त्यो खसेर अर्को निकाल्नुपर्ने दारुण स्थिति उत्पन्न भएको छ । द्रुत गतिमा डिएनए परीक्षण गर्न गभर्नर ग्रीनले निर्देशन दिएका छन् । हराएका ४१ जनाको खोजीका क्रममा उनीहरूका आफन्तको डिएनए नमूना संकलन गरिएको छ ।

*रासस/एपी*

# लिबियामा द्विपक्षीय झडप, २७ जनाको मृत्यु

**त्रिपोली–** लिबियाको राजधानी त्रिपोलीमा दुई प्रमुख सशस्त्र समूहबीच भएको झडपमा २७ जनाको मृत्यु भएको छ । त्रिपोलीस्थित आपत्कालीन चिकित्सा केन्द्रका अनुसार झडपमा परी १०० भन्दा बढी घाइते भएका छन् ।

सन् २०११ कर्णेल मौमर गद्दाफीलाई अपदस्थ गरेपछि सत्ताका लागि संघर्षरत प्रभावशाली ४४४ ब्रिगेड र अल-रदा बीचको झडप सोमबार राति सुरु भएको हो । दुवै पक्षबीचको द्वन्द्व अझै जारी रहेको प्रत्यक्षदर्शीले बताएका छन् ।

झडपमा ज्यान गुमाउने दुवै समूहका कार्यकर्ता हुन् वा तीमध्ये केही सर्वसाधारण नागरिक पनि थिए भन्नेबारेमा स्पष्ट भएको छैन । मृतक एवं घाइतेको अवस्था पनि केन्द्रले खुलाएको छैन । त्रिपोलीलाई आधार बनाएर मानवीय सहयोगका काम गरिरहेको रेडक्रिसेन्ट सोसाइटीले पनि एएफपीलाई कुनै सूचना दिन अस्वीकार गरेको छ ।

*रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**

पूर्व स्वीकृति मिति २०८०/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 287122 | चलानी नं. ६०२०२५१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Supervisor | 1 | 0 | 3500 | १२७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 4000 | १४५,१६५ | | | | | | | |
| 3 | Data Analyzer | 5 | 0 | 2700 | ९७,८०० | | | | | | | |
| 4 | Foreman | 8 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 5 | General Clean Worker | 4 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Labour | 20 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 9 | Supervisior | 3 | 0 | 2500 | ९०,०२० | | | | | | | |

कम्पनी : **SALON AL INSAF W.L.L.**

पूर्व स्वीकृति मिति २०८०/०४/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 289902 | चलानी नं. ६०२०५२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 9 | 1700 | ६१,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hanna Beautician | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1500 | ५४,०१० | | | | | | | |
| 4 | Women Hairdresser | 0 | 5 | 1700 | ६१,२१५ | | | | | | | |

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**

पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३०० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MENG CHOON AGRICULTURE SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०४/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 269659 | चलानी नं. :६०१८५५१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 60 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SJ CLASSIC INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 265819 | चलानी नं.६०१८१९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LEONG STAINLESS STEEL IRON SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 272033 | चलानी नं. ६०१८७७५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
**(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)**

License No. : 1535/078/079

Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9801193079
Branch Office Pokhara: 9802853028, Branch Office Chitwan: 9857037097
Email : Doc@grgnepal.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MB CHOCOLATE COMPANY FOR SWEETS AND PASTRIES.**

पूर्व स्वीकृति मिति २०७९/०२/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT No.263045 | चलानी नं ६०१७९२६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 19 | 0 | 135 | ५८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EPSCO W.L.L**

पूर्व स्वीकृति मिति: २०७९/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 262082 | चलानी नं. ६०१७८८३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 120 | ३८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 2 | 100 | ३२,४४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**

Govt. License 1165/073/074

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SALAD DOSES COMPANY FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति: २०८०/०४/२९ | LT. No. 290935 | चलानी नं.६०२०६२९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 10 | 0 | 1100 | ३९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 290935 मिति: २०८०/०४/३१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Al Amal Overseas Pvt. Ltd.**

Govt. License No. 1345/074/075

Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११११२०० | प्रति तोला - ११०६५० | प्रति तोला - १३७५ |



**काँक्रोलाई झाल** दाङको घोराही उपमहानगरपालिका-१६ तेरौटेका वसन्त पौडेलले व्यावसायिक रूपमा गरेको खेतीमा काँक्राको बोटमा झाल लगाउँदै श्रमिक । घोराही-१८ मसिनाका पौडेलले तेरौटेमा १४ बिघा जमिन १० वर्षका लागि भाडामा लिएर तरकारी खेती गर्दै अएका हुन् ।

*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# 'सामाजिक सुरक्षा योजनालाई एकीकृतरूपमा सञ्चालन गरिनेछ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले अर्थतन्त्रको विकासमा अपेक्षित प्रतिफल प्राप्त गर्न सामाजिक सुरक्षा योजनालाई एकीकृत अवधारणाअन्तर्गत समाहित गर्दै सघन अभियानका रूपमा सञ्चालन गरिने बताएका छन् ।

सामाजिक सुरक्षा कोषद्वारा बुधबार आयोजित अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले उक्त योजनाको दिगोपनाका लागि विभिन्न सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई पनि योगदानमा आधारित बनाई यसमा देखिने दोहोरोपना हटाउन एकीकृत सामाजिक सुरक्षा संरचना तयार गरी गाभिँदै लगिने बताएका हुन् ।

कोषलाई राज्यको सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने एकीकृत संरचनामार्फत अघि बढाउने गरी व्यवस्थित गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रधानमन्त्री दाहालले भने, 'कोष समाजका उपेक्षित, उत्पीडित र अन्यायमा परेका श्रमिकलगायतका वर्गको संरक्षणका लागि महत्त्वपूर्ण संयन्त्र हो । यो संयन्त्रमा आन्तरिक उत्पादन चक्रलाई नै सक्रिय बनाई समग्र उत्पादकत्व अभिवृद्धि गराउन सक्ने क्षमता हुन्छ भने अर्कोतिर यस्तो कोषमा श्रमिकको भरोसाका आधार लुकेका हुन्छन् । अनौपचारिक क्षेत्रका श्रमिकले हात-पाखुरा चल्दासम्म श्रम गर्ने र नसक्ने भएपछि रित्तो हात घर फर्किनुपर्ने नियतिमा यो अभियानले सहयोग पुग्नेछ ।'

उनले समतामूलक न्यायपूर्ण समाजको स्थापनाका लागि भएका ऐतिहासिक सङ्घर्षका जगमा निर्मित नेपालको संविधानले



श्रमिक वर्गको सामाजिक सुरक्षाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेकाले अन्यायमा परेका श्रमिकको अधिकार स्थापना गर्दै उनीहरूको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न नसकेसम्म संविधानको कार्यान्वयन हुन नसक्ने स्पष्ट गरे ।

श्रमिकहरू इतिहासका निर्माता र मुलुकको समृद्धिका संवाहक हुन् भन्ने तथ्यको मनन् गरेर नै सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानअन्तर्गत वैदेशिक रोजगारीमा रहेका श्रमिकको सामाजिक सुरक्षा योजनालाई आफूले शुभारम्भ गरेको स्मरण गर्दै नयाँ शुभारम्भबाट अब नेपालमा सामाजिक सुरक्षाको दायराबाट कोही पनि बाहिर नहुने बताए ।

यो योजनाअन्तर्गत अनौपचारिक क्षेत्रमा ४० लाखभन्दा बढी रहेका सबै श्रमिक मजदुरलाई सामाजिक सुरक्षा कार्यक्रममा क्रमश: सहभागी बनाइने सरकारको तयारी छ ।

नेपालको संविधानले परिकल्पना गरेको समतामूलक समाज तथा समाजवादोन्मुख राजनीतिक तथा आर्थिक प्रणाली स्थापनाका लागि श्रमिकको सामाजिक सुरक्षासहितको अधिकारको प्रत्याभूति अनिवार्य शर्त रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सामाजिक सुरक्षा सामान्य अवधारणामात्रै नभएर यसले नागरिकले बिनाभेदभाव शिक्षा, स्वास्थ्य, रोजगारी, अवसर, सहुलियत र सम्मान प्राप्त गर्ने वातावरण निर्माण गर्ने बताए ।

सामाजिक सुरक्षालाई दिगो र व्यवस्थित बनाउन 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४' को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउँदै उनले कोषमा आबद्ध हुने रोजगारदाता र श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षाको लाभबाट बञ्चित नहोउन् भन्ने कुरा सुनिश्चित गर्न ऐनको कार्यान्वयनका लागि नियमनकारी निकाय परिचालन गरिने जानकारी दिए । औपचारिक क्षेत्रका सबै श्रमिकलाई अनिवार्यरूपमा कोषमा आबद्ध गराउने उद्देश्यले प्रतिष्ठानको दर्ता, नवीकरण, कर प्रणाली, खरिद प्रक्रियामा सहभागितालगायतका विषयमा नीतिगत समन्वयका लागि पहल गरिने उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले कोषको क्षमता अभिवृद्धि गरी यसको विश्वसनीयता र अपनत्व कायम गर्न सरकारी करार र ज्यालादारीमा रहेका श्रमिकलाई चरणबद्धरूपमा कोषमा आबद्ध गराउने कार्य सुरु गरिने र अनौपचारिक क्षेत्रका श्रमिकका हकमा समेत राज्यको सह-योगदानलाई कार्यान्वयनमा ल्याउने विषयमा सरकार गम्भीर रहेको प्रतिबद्धता व्यक्त गरे ।

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले गरिबी निवारणलाई टेवा दिन र स्वदेशका श्रमबजारमा श्रमशक्तिको आकर्षण वृद्धिका लागि उक्त योजना प्रभावकारी रहेकाले यसलाई थप परिमार्जन र विस्तारसहित कार्यान्वयन गर्न सरकार तत्पर रहेको बताए । नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्यालले सुरक्षा योजनामा आबद्ध हुने श्रमिकको क्षेत्र र संख्या बढेसँगै त्यसको अभिलेख र तथ्याङ्कीय व्यवस्थापनका लागि कोषले तयारी गर्नुपर्ने बताए ।

संयुक्त श्रमिक समन्वय समिति (जेटियुसिसी) का अध्यक्ष विनोद श्रेष्ठले संविधान, कानुन र नीतिमा भएका श्रमिक अधिकारका विषयहरू व्यवहारत: लागू भएको अनुभूति हुनुपर्नेमा जोड दिए । कार्यक्रममा रोजगारदाता संस्था र अन्तर्राष्ट्रिय श्रम संगठनका प्रतिनिधिको पनि सहभागिता रहेको थियो ।

# विदेश जानेबित्तिकै सबै कुरा प्राप्त गर्न सकिन्न : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले उद्यमशीलता विकासको अवसर विदेशमा भन्दा स्वदेशमै रहेको र यसको नेतृत्व युवाले गर्नुपर्ने बताएका छन् ।

राष्ट्र निर्माण मञ्च नेपाल र उद्यमशील युवा सिर्जनशील युवा राष्ट्रिय अभियानले काठमाडौंमा आयोजना गरेको 'इन्टरप्रेनसीप मोटिभेसन कन्क्लेभ'लाई सम्बोधन गर्दै उनले विदेश जाने बित्तिकै सबै कुरा प्राप्त गर्न सकिन्छ भन्ने भ्रमबाट युवाहरूलाई मुक्त गर्न जरुरी छ भने ।

'हामीकहाँ विकास हुनबाँकी छ । यसकारण यहाँ अवसर प्रशस्त छ । विदेशमा सबै भौतिक सुविधा हुँदा पनि त्यहाँ खुसी छैन, बाहिरबाट सबै सुविधा देखिए पनि भित्र खोक्रो छ,' अर्थमन्त्री डा महतले भने, 'अवसर हेर्ने सुक्ष्म आँखा चाहियो यही अवसर खोज्नेलाई सरकारले अनुदान, सस्तो ऋण, करछुट लगायतका सुविधा दिइरहेको छ । अहिले युवाहरूमा विदेश गएन भने आफ्नो हैसियत सानो र कमजोर भएको भन्ने गलत सोचाई हाबीहुँदै गएको छ, जुन चिन्ताको विषय हो ।'

अर्थमन्त्री डा महतले मुलुकको अर्थतन्त्र लयमा फर्किएको र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकारात्मक सोच राख्नुपर्छ भने । उनले विदेशमा आर्जित पुँजी र सीप नेपालमा प्रयोग गर्न जोड दिए । अहिले पर्यटन क्षेत्र सुधार हुँदै गएको र सूचना प्रविधिका क्षेत्रमा पनि नेपालको राम्रो सम्भावना देखिन थालेको बताए ।

चालु आर्थिक वर्षको बजेटबाट सरकारले सूचना प्रविधि क्षेत्रको सेवा निर्यातका लागि सहजीकरण गरेको उनले बताए । अहिले प्रविधिको प्रयोगले बजारीकरण गर्न सजिलो भएको उनको भनाइ छ । आर्थिक विकास, उद्यमशीलता र रोजगारी अवसर र चुनौती शीर्षकको पहिलो सत्रमा पूर्व अर्थमन्त्री डा युवराज खतिवडाले उद्यमशीलता भनेको व्यक्तिको क्षमतामा निहित हुने र त्यस्तो क्षमता सिकाइमा भरपर्ने बताए । उद्यमशीलता विकासका लागि व्यक्तिको क्षमता विकास महत्वपूर्ण हुने उनको भनाइ छ । उद्यमशीलता प्रवर्द्धनका लागि सरकारले लिएका नीति र योजनाको लाभ युवाले पाउन नसकेको पनि पूर्व अर्थमन्त्री खतिवडाले उल्लेख गरे ।

सोही कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) किरणकुमार श्रेष्ठले युवा लक्षित उद्यमशीलता कार्यक्रमका लागि बैंकिङ क्षेत्रले १० प्रकारका सहुलियतपूर्ण कर्जा उपलब्ध गराइरहेको बताए । महिला उद्यमशीलता, शैक्षिक प्रमाणपत्र धितो कर्जालगायत बिना धितो कर्जाका कार्यक्रम सञ्चालन भइरहेकोमा त्यसको लाभ युवाहरूले लिनसक्नुपर्छ भने । उद्यमशीलता लक्षित कर्जा कार्यक्रमको उपलब्धि लक्ष्य अनुरूप नदेखिएको उनको भनाइ थियो ।

# लिफ्टिङ खानेपानीमा महसुल अनुदान

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशभित्रका दुई सय ४० वटा लिफ्टिङ खानेपानी आयोजनाले विद्युत् महसुलमा अनुदान पाएका छन् । गत आर्थिक वर्षमा ती आयोजनालाई कूल रु एक करोड ८८ लाख २६ हजार अनुदान रकम प्रदान गरिएको प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले गतवर्ष बनाएको मापदण्ड अनुसार अनुदान उपलब्ध गराइएको खानेपानी शाखाका इञ्जिनियर टेकन पण्डितले जानकारी दिए । मासिक रु १५ हजारसम्मको विद्युत् खपत गर्ने आयोजनालाई शतप्रतिशत र रु १५ हजारदेखि ३० हजारसम्मको विद्युत् खपत गर्नेलाई ७५ प्रतिशत अनुदान दिइएको हो । साथै रु ३० हजारदेखि ६० हजारसम्म विद्युत् महसुल लाग्ने आयोजनालाई ५० प्रतिशत र मासिक रु ६० हजारभन्दा बढीको विद्युत् खपत गर्ने आयोजनालाई कूल विद्युत् महसुलको २५ प्रतिशत अनुदान प्रदान गरिएको मन्त्रालयले जनाएको छ ।

'लिफ्टिङ खानेपानी आयोजनमा विद्युत् महसुल अनुदानका लागि मन्त्रालयले रु पाँच करोड बजेट छुट्ट्याएको थियो,' इञ्जिनीयर पण्डितले भने, 'गत आवमा दुई सय ४० आयोजना मात्र अनुदानका लागि छनोटमा परे, यो वर्षदेखि लिफ्टिङ सिँचाइमा पनि अनुदान कार्यक्रम सुरु हुँदै छ ।'

# रोशीमा केन्द्रीय विद्युत् वितरण

**काभ्रे (प्रस–** रोशी गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन वितरण गरिएको छ । गाउँपालिकाको वडा नं ११ स्थित कालढुंगामा केन्द्रीय प्रसारण लाइन जडान भएपछि स्थानीय एक सय ३५ परिवारले २४सै घन्टा बिजुली बाल्न पाएका छन् ।

उक्त विद्युतीकरणको गाउँपालिकाका अध्यक्ष दिनेश लामाले एमसिबी बक्समा 'स्वीच अन' गरेर उद्घाटन गरेका छन् । लामाका अनुसार उक्त वडामा केही समयअघि ३८ परिवारकामा केन्द्रीय विद्युत् लाइन जोडिसकिएको थियो । 'एक सय ७३ घरमा केन्द्रीय प्रसारण लाइन जडान भइसक्यो, अब वडामा बाँकी आठ घरमा छिट्टै पुऱ्याउनेछौं,' लामाले भने ।

यसअघि सो वडाका बासिन्दाले लघुविद्युत्बाट बिजुली बाल्दै आएका थिए । केन्द्रीय प्रसारण लाइन जडान भएपछि स्थानीय निकै खुसी भएका छन् ।

# व्यापार नीतिमा महिलालाई मूल प्रवाहमा ल्याइँदै

**काठमाडौं (प्रस)–** व्यापारसम्बन्धी नीतिमा महिलाहरूलाई प्रोत्साहित गर्न लैंगिक सोच अभिवृद्धिको खाँचो औँल्याइएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा युरोपियन युनियनको इयु नेपाल व्यापार तथा लगानी कार्यक्रम कार्यान्वयन गरिरहेको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी) को सि-ट्रेड इनिसियटिभ्सको संयुक्त आयोजनामा भएको दुईदिने व्यापार तथा लैंगिक मूल प्रवाहीकरण कार्यशालामा सरोकारवालाहरूले सो विषयमा जोड दिएका हुन् ।

कार्यशालामा व्यापार नीतिहरूमा लैंगिक मूल प्रवाहलाई प्राथमिकता दिन नीति निर्माता एवं अन्य सरोकारवालाहरूलाई यसबारे बुझाउने र महिलासँग सम्बन्धित व्यावसायिक सङ्घहरूलाई यससम्बन्धी नीतिगत प्रस्तावहरू तयार गर्न आवश्यक परामर्श गरिएको थियो।

उक्त अवसरमा आइटिसीद्वारा तयार पारिएको सि-ट्रेड आउटलुकले औँल्याएका विषयहरूबारे सम्बद्ध विज्ञ र सरकारी निकायका पदाधिकारी, महिला संगठन र विकास साझेदार निकायका प्रतिनिधिहरूसँग छलफल गरिएको थियो । सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूका लागि आफ्ना अनुभव र सिकेका पाठहरू आदानप्रदान गरिनाका साथै महिलाहरूको सहभागितालाई व्यापार व्यवसायमा प्रोत्साहित गर्ने उपायहरूको खोजी गरिएको थियो । महिला उद्यमीहरूलाई व्यापारको मूल प्रवाहमा ल्याउनका लागि कार्यशालामा महिलाहरूद्वारा नै तयार पारिने नीति दस्तावेजलाई नीति निर्माताहरूसमक्ष पेस गरी कार्यान्वयनका लागि पहल गरिने प्रतिबद्धता जनाइएको थियो ।

उक्त अवसरमा आइटिसीका उपकार्यकारी निर्देशक डोरोथी टेम्बोले यस कार्यशालाले व्यापारमा महिलाहरूको सहभागिता बढाउन अनुकूल वातावरण सिर्जना गर्ने र स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा महिलाको बढी पहुँचका लागि अवसर वृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको बताए । उनले लैंगिक उत्तरदायी र समावेशी व्यापार नीति नबनाई व्यापारमा महिलाको सहभागिता बढाउन सकिँदैन भने । नेपालका लागि इयु डेलिगेसनकी सहयोग उपप्रमुख इलोइसा अस्टुडिलो फर्नान्डेजले महिलाहरूलाई व्यापारको मूल प्रवाहीकरणमा ल्याउन नीतिगत सुधारका लागि प्रमुख सरोकारवाला निकायहरूबीच सामूहिक प्रयासहरू गर्नुपर्दछ भने । उनले समावेशी व्यापार नीति तर्जुमा र कार्यान्वयनले नेपालको अतिकम विकसित मुलुकको स्तरबाट दिगो स्तरोन्नति र दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

मन्त्रालयका सहसचिव गोविन्दबहादुर कार्कीले सार्वजनिक र निजी क्षेत्रमा महिला सहभागिता अभिवृद्धिमा नेपालले सन्तोषजनक प्रगति गरेको बताउँदै राष्ट्रिय अर्थतन्त्रमा महिलामैत्री पहललाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न सरोकारवालाबीचको समन्वयको आवश्यकतामा जोड दिए ।


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **प्रभाव पब्लिकेशन प्रा.लि.** को **रेभिन्यू शाखामा कलेक्टर** पदमा कार्यरत **विदुरनाथ पौडेल** कुनै सूचनाविना कार्यालयमा अनुपस्थित भई सम्पर्कबाहिर रहेको हुँदा यस प्रा.लि.को सञ्चालक समितिको निर्णयअनुसार निजलाई सम्पूर्ण जिम्मेवारीबाट हटाइएको जानकारी गराउँदै आजको मितिबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबैलाई यसै सूचनामार्फत आग्रह गर्दछौं । साथै, आजको मितिबाट कसैले निजसँग आर्थिक वा अन्य कारोबार गरेमा यस प्रा.लि. जवाफदेही नहुनेसमेत जानकारी गराउँछौं ।

**प्रभाव पब्लिकेशन प्रा.लि.**
Shifal-7, Kathmandu, Nepal, Tel: +977-1-4373577, Whatsapp: 9761815400
E-mail : marketing2prabhab@gmail.com, prabhbadaily@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ